THE
CARTER CENTER

**निर्वाचन आयोग नेपालको 'फोटोसहितको मतदाता दर्ता' कार्यक्रम सम्बन्धमा**
**दोस्रो अन्तरिम प्रतिवेदन**
**सन् २०११, जुलाई ७**

## १. परिचय

कम्प्युटर प्रणालीमा आधारित एउटा नयाँ मतदाता नामावली तयार पार्न निर्वाचन आयोग, नेपालले राष्ट्रव्यापी रुपमा मतदाता दर्ता प्रक्रिया सञ्चालन गरिरहेको छ ।[१] स्थानीय तहमा शान्ति र संवैधानिक प्रक्रियाहरूको पर्यवेक्षण गर्ने वृहत प्रयत्नहरूको एउटा अंशको रुपमा कार्टर सेन्टरका पर्यवेक्षकहरूले सन् २०११ को फेब्रुअरी महिनादेखि ७५ मध्ये ४० वटा जिल्लाबाट मतदाता दर्ता प्रक्रिया-बारे सूचना संकलन गरेका छन् । निर्वाचन प्रक्रियालाई सहयोग पुऱ्याउनु, निर्धारित स्तरसम्म मतदाता दर्ता प्रक्रिया सम्पन्न गर्ने काममा निर्वाचन आयोगको आत्मविश्वास बढाइदिनु र नेपालको समग्र लोकतान्त्रिक प्रक्रियालाई सुदृढ पार्ने काममा योगदान गर्नु नै कार्टर सेन्टरको पर्यवेक्षणका उद्देश्य हुन् । यो प्रतिवेदनले आजका मितिसम्म भएको मतदाता दर्ता प्रक्रिया-बारे एउटा निष्पक्ष लेखाजोखा प्रस्तुत गर्ने प्रयास गरेको छ । साथै, यस प्रक्रियाका सकारात्मक पक्षहरूलाई उजागर गर्ने, यस प्रक्रियामा अन्तरनिहित कमजोरीहरू पहिचान गर्ने र यस प्रक्रियालाई अझ बलियो पार्न भविष्यमा अवलम्बन गर्न सकिने थप कदमका निम्ति सिफारिसहरु प्रस्तुत गरेको छ ।

## २. परिप्रेक्ष्य

नाम छुटेको वा गलत ढंगले नाम लेखिएको, एउटै मतदाताको नाम धेरै ठाउँमा लेखिएको र केही अयोग्य मतदाताहरूको नाम पनि समावेश गरिएको जस्ता थुप्रै त्रुटिहरू रहेका[२] भन्ने विश्वास गरिएको अघिल्लो मतदाता नामावलीलाई विस्थापित गर्नको निम्ति निर्वाचन आयोग, नेपालले कम्प्युटर प्रणालीमा आधारित एउटा नयाँ मतदाता नामावली तयार पार्ने काम गरिरहेको छ । कम्प्युटरकृत सुचीले नाम दर्ता गराउने व्यक्तिको फोटो र औंठा छाप लिनुका साथै मतदाता नामावलीको गुणस्तर अझ माथि उठाउन दर्ता हुने व्यक्तिका सम्बन्धमा थप जानकारी पनि लिनेछ र मतदाताबाट हुनसक्ने धाँधलीको संभावनालाई कटौती गर्नेछ । त्यसका अतिरिक्त नागरिक रजिष्ट्री र प्रस्तावित राष्ट्रिय परिचयपत्र तयार गर्नका निम्ति दर्ता भएका व्यक्तिहरूको सम्बन्धमा जानकारी प्रदान गर्न निर्वाचन आयोगले गृह मन्त्रालयसँग समन्वय गर्ने काम पनि गरिरहेको छ ।

निर्वाचन आयोगद्वारा मतदाता दर्ता गर्ने काम नेपालको अन्तरिम संविधान (सन् २००७), मतदाता नामावली ऐन (सन् २००६) र मतदाता नामावली-सम्बन्धी नियमावली (सन् २००७) अनुरुप सञ्चालन भइरहेको छ । यिनै कानुनी खाकामा रहेर निर्वाचन आयोगले मतदाताका रुपमा दर्ता हुन चाहिने योग्यता र मापदण्ड लगायत मतदाता दर्ता प्रक्रिया सञ्चालन गर्ने कामलाई नियमबद्ध तुल्याउन यससम्बन्धी नीति र विधि-प्रक्रियाहरू पनि निर्माण गरेको छ ।[३] खास गरी १६ वर्ष पुगेका वा त्यसभन्दा

---

[१] अन्तर्राष्ट्रिय राजनीतिक प्रतिवद्धतामा आधारित रहेको हुनाले "आवधिक, निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित निर्वाचनको लागि अधिकार र संस्थागत ढाँचा सुनिश्चित गर्न" कदम चाल्ने काममा नेपाल नैतिकरुपले नै बाध्य छ । त्यस अन्तरगत "मतदाताहरूको दर्ताका निम्ति एउटा प्रभावकारी, निष्पक्ष र भेदभावरहित विधि" स्थापित गर्ने तथा शुद्ध र ताजा मतदाता रजिष्टर राख्ने कुरा समेत पर्दछ । हेर्नुस्, अन्तर्राष्ट्रिय संसदीय महासंघको स्वतन्त्र र स्वच्छ निर्वाचनसम्बन्धी घोषणाको धारा ४ को उपधारा १ र २ । http://www.ipu.org/cnl-e/154-free.htm मा उपलब्ध छ ।

[२] कार्टर सेन्टरको पर्यवेक्षण अभियानले सन् २००८ को संविधान सभाको निर्वाचनमा अघिल्लो मतदाता नामावलीको बारेमा आफ्नो चासो उजागर गरेको थियो र "बढी समावेशी तथा शुद्ध मतदाता नामावली तयार गर" भन्ने सिफारिसलाई त्यसबेलाको अन्तिम प्रतिवेदनले गरेका सिफारिसहरूमध्ये उच्च स्थानमा राखेको सिफारिस थियो । कृपया "सन् २००८ मा भएको नेपालको संविधान सभा निर्वाचनलाई पर्यवेक्षण गर्दा" हेर्नुहोला । कार्टर सेन्टर www.cartercenter.org मा उपलब्ध छ ।

[३] "मतदाताको रुपमा दर्ता भएका सबै व्यक्तिहरू त्यो अधिकार अभ्यास गर्न योग्य छन् भन्ने सुनिश्चित गर्न प्रभावकारी उपायहरू अवलम्वन गर्नुपर्छ । मतदाताको रुपमा दर्ता गर्न आवश्यक परेको बेला त्यो कामलाई सहज तुल्याउनु पर्छ र नाम दर्ता गर्ने काममा कुनै पनि अवरोध थोपर्नु हुँदैन," भन्ने अन्तर्राष्ट्रिय राजनीतिक प्रतिवद्धताद्वारा पनि नेपाल नैतिकरुपले बाँधिएको छ । हेर्नुस्, "सार्वजनिक मामिलामा भाग लिने अधिकार, मतदानको अधिकार र सार्वजनिक सेवामा समान पहुँचको अधिकार"माथि संयुक्त राष्ट्र संघको मानव अधिकार समितिको सामान्य व्याख्या २५ ।

माथिको उमेरका[४] र नेपाली नागरिकताको प्रमाणपत्र भएका व्यक्तिहरू[५] नाम दर्ताको लागि योग्य ठानिएका छन् । यदि नागरिकताको प्रमाणपत्रमा उल्लेखित गाविसभन्दा फरक गाविसमा कुनै व्यक्तिले नाम दर्ता गराउन चाह्यो भने उसले बसाइँसराईको प्रमाण देखाउनु पर्छ । त्यस्तो प्रमाण विशेष गरी सम्बन्धित व्यक्तिको गृहनगर वा गाविसले दिएको पत्र, हाल बसोबास गरेको नगरपालिका वा गाविसले व्यक्तिको स्थायी ठेगाना प्रमाणित हुने गरी दिएको पत्र,[६] उक्त व्यक्तिको जमिन वा घरको स्वामित्व प्रमाणित हुने कागजात, विवाह दर्ता प्रमाणपत्र, वा व्यक्तिको नयाँ ठेगाना झल्काउने बिजुली वा खानेपानीको बिल आदि हुनेछ ।

परीक्षण अभ्यासका रुपमा सन् २०१० को मार्च महिनामा ५ जिल्लाका ७ गाविसमा मतदाता दर्ता प्रक्रिया शुरु गरिएको थियो । स्थलगत तथ्याङ्क संकलन धेरै चरणमा सञ्चालन भएका छन् । नगरपालिकाको चरणमा ४३ जिल्लाका ५८ वटा नगरपालिकामा बसोबास गर्ने योग्य मतदाताहरू दर्ता भएका थिए । (यो चरण सन् २०१० को सेप्टेम्बरदेखि डिसेम्बरसम्ममा पूरा भएको छ ।) 'ब्रिजिङ' चरणमा ४३ जिल्लाका नगरपालिकाको वरिपरिका क्षेत्रहरूमा मतदाता दर्ता भएका छन् । (यो चरण सन् २०१० को डिसेम्वरदेखि सन् २०११ को मार्चसम्ममा पूरा भएको छ ) मुलुकका बाँकी सबै भागमा मतदाताहरूको नाम दर्ता गर्न राष्ट्रव्यापी चरणको दर्ता कार्य सन् २०११ को मार्च महिनामा शुरु भएको हो र मध्य जुलाई-सम्म दर्ता कार्य जारी राख्ने तय गरिएको हो । यसका अतिरिक्त सन् २०११ को जून महिनामा निर्वाचन आयोगले आफ्नो जिल्लाबाहिर बसोबास गरिरहेका व्यक्तिहरूलाई दर्ता कार्यमा सहजीकरण गर्न अन्य ठाउँहरूका साथसाथै महानगरपालिका र उपमहानगरपालिकाहरूमा मध्य जुलाईसम्म थप दर्ता केन्द्रहरू खोल्ने घोषणा गरिसकेको छ । यसलाई 'जिल्लाबाहिर दर्ता' कार्यक्रमको रुपमा अघिसारिएको छ ।

जिल्ला तहमा मतदाता दर्ता कार्यक्रम अन्तरगत विभिन्न तह तथा विभिन्न माध्यमबाट मतदाता शिक्षा अभियान, गणना गर्न वा दर्ता हुन योग्य व्यक्तिहरूको पहिचान गर्न, उनीहरूलाई यस प्रक्रियाबारे जानकारी गराउन तथा उनीहरूको अभिलेख राख्नको निम्ति घरदैलो अभियान र आठ हजारभन्दा बढी दर्तास्थलहरूमा योग्य व्यक्तिहरूलाई स्वयं उपस्थित भएर स्थलगत रुपमै दर्ता हुने[७] कुराहरू समावेश छन् । आफ्नो स्थायी बसोबास क्षेत्रमा नाम दर्ता गराउन छुटाएका व्यक्तिहरूलाई नाम दर्ता प्रक्रियामा समेट्नको निम्ति जिल्ला निर्वाचन कार्यालयहरूमा 'निरन्तर दर्ता' पनि सँगसँगै अघि बढाइएको छ । जिल्ला तहबाट दर्ताको तथ्याङ्क संकलन गरिसकेपछि त्यसलाई निर्वाचन आयोगको काठमाडौंस्थित केन्द्रीय कार्यालयमा एकत्रित र शुद्धिकरण गरिनेछ । त्यसरी सबै जिल्ला तहका मतदाता दर्ताको तथ्याङ्क एकत्रित गरिसकेपछि प्रकाशन र उजुरीको प्रक्रियामा सार्वजनिक निरीक्षणको निम्ति लैजान एउटा अस्थायी मतदाता नामावली तयार हुने अपेक्षा गरिएको छ । एकपटक दावी-विरोधलाई सम्बोधन गरिसकेपछि निर्वाचन आयोगले त्यस नामावलीमा सच्च्याउन आवश्यक देखिएका त्रुटिहरूलाई सच्च्याउनेछ र 'निरन्तर दर्ता' कार्यक्रमद्वारा नाम दर्ताको बाँकी काम जारी राख्नेछ ।[८]

### ३. पर्यवेक्षणको विधि

निर्वाचनलाई व्यवस्थित गरिरहेका कानुनी खाकाको समीक्षा गर्न तथा निर्वाचन आयोगका प्रतिनिधिहरू र निर्वाचन प्रक्रियालाई प्राविधिक सहायता प्रदान गरिरहेका अन्तर्राष्ट्रिय संगठनहरूसँग छलफल गर्न कार्टर सेन्टरका विशेषज्ञहरूले सन् २०११ को फेब्रुअरी र जून महिनामा नेपालको भ्रमण गरेका थिए । सन् २०११ को फेब्रुअरी र जून महिनाको बीचमा दीर्घकालीन पर्यवेक्षकहरूले तराईका १८ वटा जिल्लाबाट सूचना संकलन गरेका थिए । ती जिल्लाहरूमा बाँके, बारा, बर्दिया, दाङ, धनुषा, झापा, कैलाली, कन्चनपुर, कपिलवस्तु, महोत्तरी, मोरङ, नवलपरासी, पर्सा, रुपन्देही, सप्तरी, सर्लाही, सिराहा र सुनसरी थिए ।

---

[४] सोह्र वर्ष पुगेका वा त्यसभन्दा माथिको उमेरका व्यक्तिहरू नाम दर्ताको लागि योग्य छन् तर निर्वाचन हुने दिनमा १८ वर्ष पुग्ने वा त्यसभन्दा माथिको उमेरका व्यक्तिहरू मात्र मतदान गर्न र मतदाता नामावलीमा नाम राखिनका लागि योग्य हुन्छन् ।

[५] सन् २०११ को फेब्रुअरी महिनामा सर्वोच्च अदालतले गरेको फैसला अनुसार मतदाताको रुपमा नाम दर्ता गराउन नागरिकताको प्रमाणपत्र देखाउन सक्ने व्यक्ति मात्र योग्य हुनेछ ।

[६] सन् २०११ को मार्च महिनामा निर्वाचन आयोगको कार्यविधिमा गरिएको एउटा परिवर्तन अनुसार कुनै व्यक्तिको अहिले बसोबास गरेको गाविस वा नगरपालिकाले उसको स्थायी बसोबास प्रमाणित गरेर दिएको पत्रलाई अरु कागजातसँगै नत्थी गरेर पेस गरेमा त्यसलाई उक्त व्यक्तिको बसाइँसराईको प्रमाणको रुपमा मान्यता दिइनेछ ।

[७] मतदाता दर्ता प्रक्रिया र मतदाता रजिष्टरमा उनीहरूको समावेशिताका बारेमा प्रत्येक नागरिकले जानकारी पाउनु पर्ने कुरा अन्तर्राष्ट्रिय रुपमै प्रचलित उत्तम अभ्यास हो । "जानकारी प्राप्त समुदायबाट धारा २५ ले दिएको अधिकारको प्रभावकारी अभ्यास होस् भन्ने कुरा सुनिश्चित गर्न मतदाता शिक्षा र दर्तासम्बन्धी प्रचार अभियानहरू आवश्यक छन् ।" हेर्नुस्, "सार्वजनिक मामिलामा भाग लिने अधिकार, मतदानको अधिकार र सार्वजनिक सेवामा पहुँचको अधिकार" माथि संयुक्त राष्ट्र संघको मानव अधिकार समितिको सामान्य व्याख्या २५ को अनुच्छेद ११ ।

[८] "कुनै व्यक्तिको यहाँ उल्लेख गरिए अनुसारका अधिकार र स्वतन्त्रता हनन भएमा त्यसको प्रभावकारी उपचार सुनिश्चित गर्न" र "यस्तो उपचारको दावी गर्ने कुनै पनि व्यक्तिलाई सक्षम न्यायिक, प्रशासनिक वा व्यवस्थापिकाका प्राधिकारहरूले निर्धारित गरे अनुसारको त्यो अधिकार प्राप्त हुने कुरा सुनिश्चत गर्न" नेपाल प्रतिबद्ध छ । हेर्नुस्, UN ICCPR को धारा २ को उपधारा ३ ।
निर्वाचन आयोगले मतदाता दर्ता योजना अन्तरगत मतदाता नामावलीको प्रकाशन र दावी विरोधको एउटा प्रावधान राखेको भएता पनि यसले अझैसम्म मतदाता नामावलीको प्रकाशनको प्रक्रियालाई परिभाषित गरेको छैन र त्यस नामावली माथि पर्न सक्ने उजुरी तथा विरोधलाई व्यवस्थित गर्ने कुनै संयन्त्र पनि छैन ।

त्यस्तै, उनीहरूले १५ वटा पहाडी जिल्ला आछाम, भक्तपुर, डडेलधुरा, धादिङ, डोटी, इलाम, जुम्ला, काठमाण्डौं, काभ्रेपलान्चोक, ललितपुर, म्याग्दी, पाँचथर, सुर्खेत, स्याङ्जा र तेह्रथुम तथा सात हिमाली जिल्ला दार्चुला, दोलखा, रसुवा, संखुवासभा, सिन्धुपाल्चोक, सोलुखुम्बु र ताप्लेजुङबाट पनि सूचनाहरू संकलन गरेका थिए । स्थलगत पर्यवेक्षणमा गएको टोलीले २८ वटा जिल्लामा मतदाता दर्ता प्रक्रियाको प्रत्यक्ष पर्यवेक्षण गरेको थियो भने १२ वटा जिल्लामा टेलिफोन सम्पर्कद्वारा सूचनाको जानकारी लिएको थियो । दीर्घकालीन पर्यवेक्षकहरूको टोलीहरूले[९] मतदाता सचेतना तथा सहभागिता, मतदाता दर्ता व्यवस्थापन र राजनीतिक दलहरूको सहभागिता-बारे तथ्यहरू संकलन गरेका थिए भने ५२ वटा मतदाता दर्तास्थलहरूमा प्रत्यक्ष पर्यवेक्षण पनि गरेका थिए । सन् २०११ को अप्रिल महिनामा कार्टर सेन्टरले मतदाता दर्ता प्रक्रियाबारे आफ्नो पहिलो अन्तरिम प्रतिवेदन जारी गरेको थियो ।

सो अवधिभरी जिल्ला र गाविस तहमा दीर्घकालीन पर्यवेक्षकहरूले अन्तरवार्ताहरू र प्रत्यक्ष पर्यवेक्षणद्वारा मतदाता दर्ता प्रक्रिया बारे गुणात्मक र संख्यात्मक दुवै किसिमका जानकारीहरू संकलन गरेका थिए । गणना र दर्ताको कुल संख्याको आँकडाको सम्बन्धमा निर्वाचन आयोगका अधिकारीहरूबाट तथ्याङ्क संकलन गर्नुका साथै ती पर्यवेक्षकहरूले प्रत्येक दर्तास्थलमा कुनै निश्चित आधार-विना नै छानिएका १० जनासँग अन्तरवार्ताहरू पनि गरेका थिए । मतदाता दर्ता प्रक्रियाका बारेमा कति जना सचेत थिए, कति जनाले यो प्रक्रियालाई राम्ररी बुझेका थिए, यो प्रक्रिया बारे उनीहरूले कसरी जानकारी पाएका थिए, कति जनाको घरमा गणकहरू आइपुगेका थिए, आवश्यक कागजातहरू पेस गर्न कतिजना सक्षम भएका थिए, मतदाताको रुपमा नाम दर्ता गर्नको निम्ति अब के गर्नुपर्छ भन्ने कुरा कति जनाले बुझेका थिए, नाम दर्ता गर्न कति जनाले चाहेका थिए र जुनसुकै कारणले भएपनि नाम दर्ताको निम्ति कति जना अयोग्य ठानिएका थिए भन्ने कुराको निक्यौंल गर्न त्यसरी अन्तरवार्ताहरू गरिएको थियो ।

मतदाता दर्ता गरिने ठाउँहरूको प्रतिनिधिमूलक नमूना लिनको लागि आवश्यक पर्ने सबै स्थानमा पर्यवेक्षकहरूलाई खटाउन सम्भव नहुने भएकोले देशभरिको अवस्थालाई सामान्यीकरण गर्ने उद्देश्यका निम्ति दीर्घकालीन पर्यवेक्षकहरूले प्राप्त गरेका गुणात्मक तथ्याङ्कबाट पूर्वानुमान गर्न संभव छैन । तैपनि दीर्घकालीन पर्यवेक्षकहरूले प्राप्त गरेका गुणात्मक तथ्याङ्कले आजका मितिसम्म मतदाता सहभागिताको स्तर र मतदाता दर्ताको क्रममा निर्वाचन आयोगले सामना गरेका चुनौतीहरूबारे विवरणात्मक अन्तरदृष्टि प्रदान गर्दछ ।

कार्टर सेन्टरले आफ्ना क्रियाकलापहरू नेपालको प्रचलित कानुन, निर्वाचन पर्यवेक्षणका निम्ति निर्वाचन आयोगले तयार पारेको आचारसंहिता र अन्तरराष्ट्रिय निर्वाचन पर्यवेक्षणका सिद्धान्त-सम्बन्धी घोषणापत्रमा निहित अन्तरराष्ट्रिय निर्वाचन पर्यवेक्षणको मापदण्ड अनुरुप सञ्चालन गरेको छ । मतदाता दर्ता प्रक्रियालाई नियमित गरिरहेको नेपालको कानुनी खाका अनुरुप, खास गरी नेपालको अन्तरिम संविधान (सन् २००७), मतदाता नामावली सम्बन्धी ऐन (सन् २००६) र मतदाता नामावली-सम्बन्धी नियमावली (सन् २००७) तथा निर्वाचन आयोगका नीति र कार्यविधि अनुरुप रहेर कार्टर सेन्टरले मतदाता दर्ता प्रक्रियाको लेखाजोखा गरेको छ । लोकतान्त्रिक निर्वाचनका अन्तर्राष्ट्रिय मापदण्डहरू, त्यसमा पनि विशेष गरी नेपालले हस्ताक्षर वा अनुमोदन गरेको अन्तर्राष्ट्रिय मापदण्डहरूलाई पनि कार्टर सेन्टरले ध्यान दिएको छ ।[१०]

## ४. सन् २०११ अप्रिलदेखि निर्वाचन आयोगका सकारात्मक पहलहरू

सन् २०११ को अप्रिल महिनामा जारी गरेको पहिलो अन्तरिम प्रतिवेदनमा मतदाता दर्ता प्रक्रियालाई कसरी अझ राम्रो पार्न सकिन्छ भन्ने विषयमाथि कार्टर सेन्टरले थुप्रै सुझाव र सिफारिस गरेको थियो । त्यो प्रतिवेदन जारी भएदेखि त्यसमा गरिएका सिफारिसहरू अनुरुप नै निर्वाचन आयोगले थुप्रै कदमहरू चाल्यो । तीमध्ये प्रमुख निम्नानुसार छन् :

- जनसंख्याको अनुमानित तथ्याङ्क अनुरुप मतदाता दर्ताको लक्ष्य निर्धारण ।
- संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसँग आबद्ध संघीय लिम्बुवान राज्यपरिषदसँग एउटा सहमतिमा पुगेर मतदाता दर्तामा उनीहरूबाट भइरहेको अवरोध समाप्त पार्ने काम ।

---

[९] कार्टर सेन्टरको दीर्घकालीन पर्यवेक्षकहरूको टोलीमा दुईजना अन्तर्राष्ट्रिय दीर्घकालीन पर्यवेक्षक, एकजना नेपाली राष्ट्रिय दीर्घकालीन पर्यवेक्षक र एकजना दोभाषे रहन्छन् ।

[१०] यस अन्तरगत-संयुक्त राष्ट्र संघको मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणाको धारा २१, नागरिक र राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय सम्झौताको धारा २, संयुक्त राष्ट्र संघीय मानव अधिकार आयोगको सामान्य व्याख्या २५, व्यक्तिको अधिकार र दायित्व-सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणा, विश्वव्यापी रुपमा स्वीकृत मानव अधिकार र स्वतन्त्रताको संरक्षण र प्रवर्द्धन गर्ने समूह तथा निकायहरू र महिलाविरुद्ध सबै किसिमका भेदभाव हटाउने सम्मेलन, सबै किसिमका जातीय भेदभाव हटाउने अन्तर्राष्ट्रिय सम्मेलन, आदिवासी र जनजातिका अधिकारसँग सरोकार राख्ने सम्मेलन, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी सम्मेलन, तथा अन्य सम्मेलनका साथसाथै आन्तरिक विस्थापन विषयक निर्देशक सिद्धान्तहरूजस्ता जाति, राष्ट्रियता, जातीयता, लिङ्ग, उमेर र शिक्षाको आधारमा गरिने भेदभावमाथि प्रतिवन्ध लगाउने संयुक्त राष्ट्र संघको सहमतिपत्र आदि पर्दछन् ।

- आफ्नो नीतिमा परिमार्जन गरी जिल्लाबाहिर नाम दर्ता गर्न सक्ने प्रावधान राखेर देशभित्रै बसाइँसराई गरेका नागरिकहरूलाई नाम दर्ता गर्नसक्ने अवसर वृद्धि गर्ने काम ।
- मतदाता दर्ता प्रक्रियामा राष्ट्रव्यापी रुपमै मतदाता शिक्षाका प्रयत्नहरू बढाउने काम, र
- पहिला गणनामा नपरेका नागरिकहरूलाई उनीहरू दर्तास्थलमा गणना गरिन सक्छन् भन्ने सुनिश्चित गर्ने काम ।

मतदानको निम्ति नाम दर्ता गर्न चाहने सबै नेपालीहरूलाई त्यसका निम्ति अवसरहरू प्रदान गर्ने कुरा सुनिश्चित गर्न अवलम्बन गरिएका यी सकारात्मक प्रयत्नहरूका निम्ति कार्टर सेन्टर निर्वाचन आयोगको सह्राहना गर्दछ । मतदाता दर्ता प्रक्रिया अगाडि बढ्दै जाँदा यस्ता प्रयत्नहरूले निर्वाचन आयोगको लचकता र असल मनसाय प्रदर्शित गर्दछन् ।

**५. विस्तृत प्राप्तिहरू**

क) मतदाता दर्ताको कुल संख्या

मतदाता दर्ता प्रक्रिया-बारे आफ्नो पहिलो अन्तरिम प्रतिवेदनमा कार्टर सेन्टरले निर्वाचन आयोगको मतदाता दर्ताको कुल संख्याको लक्ष्य निर्धारण गर्ने आधार अस्पष्ट रहेको उल्लेख गर्दै आयोगसँग आफ्नो प्रक्षेपणको विस्तृत पुस्ट्याइँको गर्न सुझाव दिएको थियो । मे महिनामा निर्वाचन आयोगले एउटा विस्तृत प्रक्षेपण प्रकाशित गऱ्यो, जसमा दर्ता हुने मतदाताको संभावित संख्याको आंकलनको निम्ति केन्द्रीय तथ्याङ्क विभागको जनगणनाको प्रक्षेपण र वैदेशिक रोजगार विभागको तथ्याङ्कलाई आधारको रुपमा लिइएको कुरा उल्लेख गरिएको थियो । जनसंख्याको उपलब्ध तथ्याङ्क र तथ्याङ्कगत अनुसन्धानको आंकलन प्रयोग गरेर मतदाता दर्ताको प्रक्षेपण प्रदान गरेकोमा कार्टर सेन्टर निर्वाचन आयोगलाई सह्राहना गर्दछ र यी प्रक्षेपणहरूले बढी प्रभावकारी मतदाता शिक्षा र दर्ता प्रक्रियादेखि बाहिर परेका व्यक्तिहरूलाई समेट्ने प्रयत्नहरूलाई सहजीकरण गर्नेछन् र अन्ततः मतदाता दर्ताको कुल संख्याको आँकडामा जनताको आत्मविश्वास प्रवर्द्धन गर्दछन् भन्ने विश्वास गर्दछ ।[११]

केन्द्रीय तथ्याङ्क विभागको सन् २०११ को जनगणनाको प्रक्षेपणको आधारबाट हेर्दा १६ वर्ष पुगेका र त्यसभन्दा माथिको उमेरका नेपाली नागरिकहरूको संख्या लगभग १ करोड ७८ लाख १६ हजार ७ सय देखिन्छ । विदेशमा रहेका व्यक्तिहरूको संख्या गनेपछि निर्वाचन आयोगले अधिकतम १ करोड ४७ लाख १६ हजार ७ सय योग्य मतदाताहरू दर्ता हुने एउटा अनुमान प्रक्षेपण गऱ्यो । त्यसमा खास गरी १६ वर्ष पुगेका र त्यसभन्दा माथिको उमेरका हाल देशभित्रै बसोबास गरिरहेका व्यक्तिहरू दर्ता हुने व्यक्तिका रुपमा प्रक्षेपित छन् ।

| | |
|---|---|
| *नेपालको कुल जनसंख्या (केतविद्वारा सन् २०११ को जनगणनाको प्रक्षेपण)* | *: २,८५,८४,९७५* |
| *१६ वर्ष उमेर माथिको अनुमानित जनसंख्या (प्रजनन ह्रासको चर मध्यिका)* | *: १,७८,१६,७००* |
| *विदेशमा कार्यरत व्यक्तिहरू (वैदेशिक रोजगार विभागको तथ्याङ्क)* | *: २१,०००००* |
| *विदेशमा रहेका अन्य व्यक्तिहरू (निर्वाचन आयोगको अनुमान)* | *: १०,०००००* |
| **देशभित्र रहेका नाम दर्ता गर्ने व्यक्तिको अनुमानित अधिकतम संख्या** | **: १,४७,१६,७००** |

निर्वाचन आयोगको प्रक्षेपणले वैदेशिक रोजगार विभागबाट प्राप्त तथ्याङ्कलाई ध्यानमा राखेको छ । त्यस तथ्याङ्कले के देखाउँछ भने मोटामोटी २१ लाख नेपालीहरू हाल विदेशमा काम गरिरहेका छन् । निर्वाचन आयोगले गरेको अर्को अनुमान अनुसार दर्ता हुन योग्य थप १० लाख नेपालीहरू अन्य कारणले विदेशमा रहेका हुन सक्छन् ।[१२]

---

[११] थप कुरा, सन् २०११ को जनगणना प्रक्रिया यस वर्षको जून महिनामा शुरु भयो । एकपटक तथ्याङ्क प्रशोधन कार्य सकिएपछि नयाँ जनगणनाको तथ्याङ्कले नेपालमा बसोबास गरिरहेका १६ वर्ष उमेरभन्दा माथिका नागरिकहरूको संख्याका बारेमा शुद्ध, ताजा जानकारी प्रदान गर्नेछ । त्यसले कतिपय अवस्थामा सन् २००१ को जनगणनामा आधारित रहेर निर्वाचन आयोगले हाल गरिरहेको जनसंख्याको प्रक्षेपणलाई प्रतिस्थापित गर्नेछ । निर्वाचन आयोगको लगत फारमबाट लिइएको तथ्याङ्कभन्दा नयाँ जनगणनाको तथ्याङ्क बढी शुद्ध हुने संभावना हुन्छ । दुर्भाग्यवस् लगत फारममा गणकहरूले कहिलेकाहीं ठीक ढङ्गले तथ्याङ्क नभरेको पनि पर्यवेक्षकहरूले उल्लेख गरेका छन् ।

[१२]केको आधारमा निर्वाचन आयोग यस्तो अनुमान गर्ने ठाउँमा आइपुग्यो भन्ने कुरा प्रस्ट नभएपनि गएको दशकभित्र अज्ञात संख्याका थुप्रै नेपालीहरू अध्ययनको निम्ति र अन्य उद्देश्यले समेत विदेशमा गएका छन् भन्ने कुरा बुझिएको छ । थप कुरा के पनि छ भने मतदाताको रुपमा दर्ता हुन योग्य व्यक्तिहरूको अधिकतम् कुल संख्या निर्वाचन आयोगले अनुमान गरेको संख्याभन्दा अलि घटी नै रहेको अन्य स्रोतहरूले बताएका छन् । खास गरी सन् २००८ मा राष्ट्रिय श्रमशक्ति सर्भेक्षणले गरेको देशभित्रका १६ वर्षमाथिको उमेरका व्यक्तिहरूको जनसंख्याको अनुमान १,३९,३४००० रहेको छ ।

के बुझिएको छ भने व्यक्तिहरूको अनुमानित अधिकतम संख्या १,४७,१६,७०० मध्ये केही प्रतिशत व्यक्तिहरू अस्थायी रुपमा कामको लागि आन्तरिक बसाइँ सरेका छन् भने अरु केही प्रतिशत व्यक्तिहरूसँग नाम दर्ता गर्न योग्य हुनका लागि आवश्यक पर्ने नागरिकताको प्रमाणपत्र वा बसाइँसराईको प्रमाणजस्ता कागजातहरू छैनन् । त्यसो भएको हुनाले निर्वाचन आयोगले सन् २०११ को मध्य जुलाईसम्ममा १,१०,३७,५२५ जना नागरिकहरू अर्थात् देशभित्रका नाम दर्ता गराउनेहरूको संभावित अधिकतम् संख्याको ७५ प्रतिशत नाम दर्ता गर्ने लक्ष्य निर्धारण गरेको छ । त्यतिबेलासम्ममा सबै नगरपालिका र गाविसहरूमा स्थलगत रुपमा मतदाता दर्ता कार्य पूरा भइसक्नेछ ।[13]

निर्वाचन आयोगले सन् २०११, जुलाई ४ तारिखमा दिएको जानकारी अनुसार त्यतिबेलासम्म ७९,५२,०८५ जना मतदाताले नाम दर्ता गराइसकेका छन् । त्यो संख्याले निर्वाचन आयोगले मध्य जुलाईसम्म दर्ता गर्ने भनेर राखेको लक्ष्यको करीब ७२ प्रतिशत प्रतिनिधित्व गर्दछ र देशभित्रको अनुमानित अधिकतम संख्याको ५४ प्रतिशत प्रतिनिधित्व गर्दछ ।

| दर्ता गर्नेहरूको अनुमानित अधिकतम संख्या | सन् २०११ को मध्य जुलाईसम्म दर्ताको लक्ष्य | नगरपालिकाहरूको दर्ता प्रतिशत | गाविसहरूको दर्ता प्रतिशत | सन् २०११ को जुलाई ४ सम्म कुल दर्ता | सन् २०११ को मध्य जुलाईसम्मको दर्ता<br><br>लक्ष्यको प्रतिशत | अनुमानित अधिकतम संख्याको प्रतिशत |
|---|---|---|---|---|---|---|
| १,४७,१६,७०० | १,१०,३७,५२५ | १००.० | ८१.७ | ७९,५२,०८५ | ७२.० | ५४.० |

अप्रिलमा राष्ट्रव्यापी चरण शुरु भएदेखि प्रतिदिन लगभग एक लाख व्यक्तिलाई दर्ता गरिरहेको निर्वाचन आयोगले अनुमान गरेको छ । यदि यही दर्ता दर कायम रहेमा पनि यसले के संकेत गर्दछ भने निर्वाचन आयोगले सन् २०११ को मध्य जुलाईसम्मका लागि निर्धारित गरेको दर्ता संख्याको लक्ष्य पूरा गर्न सक्ने छैन । त्यसभन्दा महत्वपूर्ण कुरा त के छ भने त्यस अवस्थामा देशभित्रैका मतदाताको अनुमानित अधिकतम संख्याको दर्ता लक्ष्यलाई पनि आयोगले पूरा गर्न सक्ने छैन ।

आफ्नो पहिलो अन्तरिम प्रतिवेदनमा उल्लेख गरेजस्तै मतदाता दर्ताको कुल संख्यामा आजको मितिसम्म दुईवटा मुख्य चुनौतीहरूले विशेष प्रभाव पारेको कार्टर सेन्टरले पाएको छ । पहिलो, तराईका भागहरू र पूर्वी पहाडमा राजनीतिक दलहरूले पुऱ्याएको अवरोधले गर्दा मतदाता दर्ता गर्ने कामलाई अघि बढाउन निर्वाचन आयोगलाई बाधा पुगेको छ । दोस्रो, उल्लेखनीय संख्याका व्यक्तिहरूसँग नागरिकताको प्रमाणपत्र र आवश्यक पर्दा बसाइँसराईको प्रमाणजस्ता मतदाताको रुपमा दर्ता हुनको लागि चाहिने कागजातहरू छैनन् । यी दुवै चुनौतीहरूको असरको स्तरका साथसाथै तिनलाई सम्बोधन गर्न गरिएका प्रयत्नहरूका बारेमा यस प्रतिवेदनको अलि पछितिर विस्तृत रुपमा छलफल गरिएको छ । मतदाता दर्ताको कुल संख्यालाई प्रभावित गरेको हुनसक्ने अन्य विषयहरूमध्ये जारी राजनीतिक प्रक्रियाप्रति नेपाली जनतामा रहेको निराशा, त्यसको परिणामस्वरुप मतदाता दर्ता प्रक्रियामा भाग लिने उत्साहमा कमीका साथसाथै भविष्यमा निर्वाचन हुने मितिको टुङ्गो नभएको तथ्यले पैदा गर्ने उदासीपन आदि छन् ।

*जिल्लाबाहिर दर्ता*

आफ्नो स्थायी बसोबासको ठाउँबाट अस्थायी रुपमा अन्तै बस्न गएका व्यक्तिहरू वा एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सरेर गएका तर बसाइँसराईको कुनै प्रमाण हात नपारिसकेका व्यक्तिहरूलाई नाम दर्ताको निम्ति एउटा अवसर प्रदान गर्न निर्वाचन आयोगले गत जून महिनामा आफ्नो कार्यविधिमा संशोधन गऱ्यो । नयाँ कार्यविधिले व्यक्तिहरूलाई उनीहरूको नागरिकतामा उल्लेखित ठेगाना अनुसार नै जुनसुकै ठाउँबाट पनि नाम दर्ता गर्न अनुमति दिएको छ । यसरी नाम दर्ता गर्ने व्यक्तिहरूले अहिले बसोबास गरिरहेको ठाउँबाट मतदान गर्न नपाए पनि नाम दर्ता गर्न आफ्नो आधिकारिक बसोबासको ठाउँमा नगएरै पनि उनीहरूलाई नाम दर्ता गर्न सक्ने अवसर प्रदान गर्नु सकारात्मक कुरा हो । 'जिल्लाबाहिर दर्ता' कार्यक्रमले स्थायी वा अस्थायी रुपमा अर्को ठाउँमा बसोबास गर्न गएका उल्लेखनीय संख्याका व्यक्तिहरूलाई नाम दर्ता गराउन निर्वाचन आयोगलाई अवश्य नै सहयोग गर्छ ।

[13]एक लाख १० हजारको अनुमान अस्पष्ट रहेकै बेला निर्वाचन आयोगले देशभित्रै रहेका ३५ लाख योग्य नागरिकहरू काम वा अध्ययनको लागि अस्थायी बसोबास गर्न गृहजिल्लाबाट अर्को ठाउँमा गएकोले वा नागरिकताको प्रमाणपत्र वा बसाइँसराईको प्रमाणजस्ता दर्ता गर्न चाहिने कागजात पेस गर्न नसकेकोले मतदाताको रुपमा नाम दर्ता गर्न छुटाएका हुनसक्छन् भन्ने आफ्नै प्रकारको अनुमान गरेको छ । यस्ता व्यक्तिहरूमध्ये करीब २० लाख व्यक्तिहरू आफ्नो जिल्लाबाहिर रहेको निर्वाचन आयोगले अनुमान गरेको छ ।

घना आवादी भएका क्षेत्रमा बसोबास गर्न पुगेका व्यक्तिहरूलाई 'जिल्लाबाहिर दर्ता' मार्फत् नाम दर्ता गराउनका निम्ति बढी पहुँचहरू सहज तुल्याउने उपायका रुपमा निर्वाचन आयोगले मध्य जूनदेखि मध्य जुलाईको बीचमा निम्न स्थानहरूमा दर्तास्थलहरू खोलिने घोषणा गरेको थियो : काठमाण्डौ महानगरपालिकाका सबै वडा, ललितपुर उप महानगरपालिकाभित्रका तीनवटा वडाहरू, सबै नगरपालिकाहरुः काठमाडौं, ललितपुर र भक्तपुरका जिल्ला प्रशासन कार्यालयहरु र परराष्ट्र मन्त्रालय । निर्वाचन आयोगले आवश्यकता अनुसार स्वविवेकमा नगरपालिका वरिपरिका गाविसहरूमा दर्तास्थलहरू स्थापना गर्न जिल्ला निर्वाचन कार्यालयहरूलाई अनुमति दिएको छ र अन्य ठाउँहरूका साथै प्रहरी कार्यालयहरू, नेपाली सेनाका शिविरहरू, माओवादी लडाकुका शिविरहरु, विश्वविद्यालय परिसरहरू र बन्दीगृहहरूमा घुम्ती दर्तास्थलहरू स्थापना गर्ने सम्बन्धमा योजनाहरू पेस गर्न पनि उनीहरूलाई अनुरोध गरेको छ ।

'जिल्लाबाहिर दर्ता' कार्यक्रम मार्फत् नागरिकहरूका लागि नाम दर्ताका अवसरहरू बढाइदिएकोमा कार्टर सेन्टर निर्वाचन आयोगको सह्राहना गर्दछ, तर नाम दर्ताको निम्ति निर्धारित लक्ष्य र दर्ता संख्याबीचको अन्तर मेट्नको लागि यो उपायमात्र पर्याप्त हुँदैन भन्ने विश्वास गर्दछ । जुनसुकै कारणले भएपनि अहिलेसम्म नाम दर्ता नगराएका नागरिकहरूसम्म पुग्ने थप प्रयत्नहरू गर्न कार्टर सेन्टर निर्वाचन आयोगलाई प्रोत्साहित गर्दछ ।

निर्वाचन आयोगले 'छुटेका' व्यक्तिहरूको नाम दर्ता गर्ने अभ्यास थाल्ने कुरा बुझिएको छ र त्यसका निम्ति आयोगले सन् २०११ को अगष्टदेखि नोभेम्बर महिनासम्म नगरपालिकाहरूका प्रत्येक वडाहरू र गाविसहरूमा दर्ता केन्द्रहरू खोल्नेछ । त्यसका निम्ति छुट्याइएको त्यो समय मतदाता दर्ताका क्रियाकलापहरू सञ्चालन गर्न उपलब्ध भएको हुनाले 'छुटेका' व्यक्तिको नाम दर्ता गर्ने प्रस्तावित अभ्यास व्यवहारमा लागू गर्न कार्टर सेन्टर निर्वाचन आयोगलाई जोडदार रुपमा प्रोत्साहित गर्दछ ।

विदेशमा रहेका नेपालीहरूको नाम दर्ता गर्न मुलुकबाहिर मतदाता दर्ता अभियान सञ्चालन गर्नेबारे निर्वाचन आयोगले विचार गरिरहेको पनि बुझिएको छ । मतदानको निम्ति नाम दर्ता गराउन नेपाली नागरिकहरू सक्षम होऊन् भनेर निर्वाचन आयोगले उनीहरूका निम्ति दर्ताका अवसरहरू सकेसम्म बढाउन खोजिरहेको कुरा कार्टर सेन्टर स्वीकार गर्दछ । तैपनि, मुलुकबाहिर मतदाता दर्ता गर्ने कामको व्यवस्थापन जटिल भएकोले यस्तो चुनौतीपूर्ण र स्रोतसाधन बढि लाग्ने अभ्यासलाई कसरी व्यबहारमा उतार्ने भन्ने बारेमा निर्णय गर्नका निम्ति यससम्बन्धी अनुभवी प्राविधिक विशेषज्ञहरूको सल्लाहमाथि ध्यान दिन कार्टर सेन्टर निर्वाचन आयोगलाई प्रोत्साहित गर्दछ ।

(ख) राजनीतिक दलका अवरोधहरू

राजनीतिक दलका अवरोधहरूले तराईका धेरै जिल्ला र पूर्वी पहाडका विभिन्न ठाउँमा मतदाता दर्ताका प्रयत्नहरूलाई बिथोलेका छन् । मतदाता दर्ता प्रक्रियाबारे पहिलो अन्तरिम प्रतिवेदनमा कार्टर सेन्टरले थुप्रै मधेसवादी दलहरू र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसँग आवद्ध संघीय लिम्बुवान राज्य परिषदले पुऱ्याएको अवरोधले नगरपालिका चरणको अवधिमा भएको मतदाता दर्ताको कुल योगमा महत्वपूर्ण प्रभाव पारेको कुरा उल्लेख गरेको थियो ।[१४] तिनै जिल्लाहरूमध्येका धेरै जिल्लाहरूमा निर्वाचन आयोगलाई मतदाता दर्ता कार्य सञ्चालन गर्न पटक्कै नदिएर वा मधेसवादी दल र लिम्बुवान दलहरू अलि कमजोर भएका गाविसहरूमा दर्ता कार्यलाई सीमित तुल्याएर राष्ट्रव्यापी चरणमा अवरोध पुऱ्याउने काम जारी राखिएको थियो ।[१५]

राष्ट्रव्यापी चरणको अवधिमा कम्तीमा सात जिल्लामा मधेसवादी दलहरूले मतदाता दर्ता कार्यमा अवरोध पुऱ्याएको कार्टर सेन्टरका पर्यवेक्षकहरूले पाएका थिए । ती जिल्लाहरू बाँके, झापा, कपिलवस्तु, मोरङ, नवलपरासी, रुपन्देही र सुनसरी हुन् । त्यस्तै, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसँग आबद्ध संघीय लिम्बुवान राज्य परिषदले अरुण नदीदेखि पूर्वका सबै नौं वटा जिल्लामा मतदाता दर्ता कार्यमा अवरोध पुऱ्याइरहेको थियो । राजनीतिक दलहरूले पुऱ्याएका अवरोधका प्रकृतिहरू जिल्ला हेरी फरक फरक किसिमका छन् । तर ती अवरोधहरूमा डरत्रास पैदा गर्ने, धम्की दिने र निर्वाचन आयोगका अधिकारीहरूविरुद्ध हिंसाको चेतावनी दिने काम भने बेलाबेलामा सबैतिर भएका छन् । केही जिल्लाहरूमा कसरी अवरोधहरू पुऱ्याइयो भन्ने कुराको उदाहरणहरू निम्नानुसार छन् :

---

[१४]नगरपालिकाहरूको चरणमा आठवटा नगरपालिकाहरू विराटनगर (मोरङ), इनरुवा (सुनसरी), रामग्राम (नवलपरासी), बुटवल र सिद्धार्थनगर पन्देही), तौलिहवा (कपिलवस्तु), नेपालगंज (बाँके) र कलैया (बारा) मा विभिन्न मधेसवादी दलहरूले मतदाता दर्तामा अवरोध पुऱ्याएका थिए । दर्ताको लागि योग्य हुने प्रमाणको रुपमा नागरिकताको प्रमाणपत्र चाहिने प्रावधानसँग तिनीहरूको अवरोध सम्बन्धित थियो । साथै, संघीय लोकतान्त्रिक राष्ट्रिय मंचसँग आवद्ध संघीय लिम्वुवान राज्य परिषदले चारवटा नगरपालिका झापाको दमक र मेचीनगर तथा सुनसरीको धनकुटा र धरान नगरपालिकामा अवरोध पुऱ्याएको थियो । मंचको तर्क के थियो भने निर्वाचनसम्बन्धी क्रियाकलापहरू संचालन हुनुअगावै मुलुकले संघीय प्रणाली लागू गर्नु पर्दछ र निर्वाचनसम्वन्धी प्रशासनिक कामहरूको जिम्मेवारी संघीय राज्यले नै व्यवस्थित गर्नु पर्दछ ।

[१५]पर्यवेक्षकहरूले भ्रमण गरेका १३ मध्ये ३ वटा जिल्लाहरू बाँके, बारा र इलाममा अवरोधहरूले गर्दा ब्रिजिङ चरणमा निर्वाचन आयोगले कुनै पनि दर्तास्थलमा मतदाता दर्ता कार्य संचालन गर्न सकेन । अन्य दुई जिल्ला कपिलवस्तु र मोरङमा मधेसवादी वा लिम्वुवानहरूको उपस्थिति सापेक्षिक रुपमा कमजोर भएका गाविसहरूमा मात्रै मतदाता दर्ता कार्य संचालन गर्न निर्वाचन आयोग समर्थ भयो ।

- बाँकेमा निर्वाचन आयोगले त्यहाँका ४६ वटा गाविसमध्ये छ वटा गाविसमा मात्रै मतदाता दर्ता कार्य सञ्चालन गर्न सकेको थियो । त्यहाँ सन् २०१० को अक्टोबर महिनादेखि सन् २०११ को मार्च महिनाभरि दर्ता कार्यमा अवरोध पुऱ्याइएको थियो । र, सन् २०११ को अप्रिल महिनादेखि दर्ता कार्य धेरथोर अघि बढेको थियो । अप्रिल महिनामा मतदाता दर्ताको १२ दिनपछि संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरूले नाम दर्ता गर्ने कर्मचारीलाई धम्की दिएका थिए र जिल्ला निर्वाचन कार्यालयलाई तत्काल दर्ता प्रक्रिया बन्द नगरे दर्ताका उपकरणहरू जफत गरेर लैजाने कुरा बताएपछि निर्वाचन आयोगले तत्काल प्रक्रिया रोकेको थियो । निर्वाचन आयोगका अधिकारीहरू, संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका प्रतिनिधिहरू र अन्य दलहरूबीच भएको जिल्लास्तरीय बैठकहरू अवरोधहरू समाप्त पार्न असफल भएका थिए । निर्वाचन आयोगका स्थानीय अधिकारीहरूले भने अनुसार, कुनै पनि निर्णय केन्द्रीय तहमै हुनुपर्दथ्यो ।

- मोरङमा त्यहाँका ६८ वटा गाविसहरूमध्ये २६ वटा गाविसमा निर्वाचन आयोगले मतदाता दर्ता कार्य सञ्चालन गर्न सकेको थियो । तथापि जिल्लाको दक्षिणी भेगमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले पुऱ्याएको अवरोध र उत्तरी भेगमासंघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसँग आबद्ध संघीय लिम्बुवान राज्य परिषदले पुऱ्याएको अवरोधले बाँकी रहेका ४२ वटा गाविसहरूमा मतदाता दर्ता कार्यलाई अवरुद्ध तुल्याएको थियो । मे महिनाको आखिरीतिर मधेसी दलका एकजना प्रतिनिधिले सार्वजनिक रुपमै के घोषणा गरेका थिए भने नागरिकताको समस्या समाधान नभएसम्म मतदाता दर्ता कार्यमा अवरोध पुऱ्याइनेछ । मतदाताको नाम दर्ता गर्ने कर्मचारीहरूलाई धेरै गाविसहरूबाट अझै धम्कीहरू आइरहेको कुरा ती कर्मचारीहरूले बताएका छन् ।

- रुपन्देहीमा त्यहाँको दक्षिणी भेग मर्चवार क्षेत्रमा मधेसवादी दलहरूले चार गाविसमा प्रत्यक्ष र अरु आठ गाविसमा अप्रत्यक्ष असर पारेर गणकहरूको तालिम भइरहेको ठाउँमा अवरोध पुऱ्याए र तालिम हुन दिएनन् । त्यसपछि त्यहाँ मतदाता दर्ता प्रक्रिया रोक्न जिल्ला निर्वाचन कार्यालय राजी भयो, तर एउटा गाविसमा गणकहरूले कार्य जारी राखेको पाइएपछि संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका सदस्यहरूले गणकका कागजातहरू जफत गरेर लगे । यस घटनालाई पछि स्थानीय तहमै समाधान गरिएको थियो र गणनाका कागजातहरू फिर्ता गरिएका थिए । जिल्लाका अरु क्षेत्रमा दर्ता प्रक्रिया जारी राख्न निर्वाचन आयोग सक्षम भएको थियो । र, एकपटक केन्द्रीय स्तरमै समस्या समाधान भएपछि यो दक्षिणी भेगमा फेरि फर्कने योजना गरेको थियो ।

- सुनसरी जिल्लाको दक्षिणी भेगमा मधेसवादी दलहरूले मतदाता दर्ता कार्यमा अवरोध पुऱ्याउने धम्की दिएका थिए भने संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसँग आबद्ध संघीय लिम्बुवान राज्यपरिषद्ले जिल्लाको उत्तरी भेगका गाविसहरूमा मतदाता दर्ता कार्यमा अवरोध पुऱ्याइरहेकै थियो । तैपनि केही गाविसहरूमा दर्ता कार्य अघि बढेको थियो, खास गरी जातीय जनसंख्याको मिश्रित स्वरुप भएका वा ठूला राजनीतिक दलहरूको उपस्थिति बलियो भएका गाविसहरूमा दर्ता कार्य अघि बढेको थियो । संविधान सभाको म्याद सकिन लागेको बेलामा मे २८ (जेठ १४ गते) अगाडिका केही दिनहरूमा सुरक्षाको कारणले गर्दा सबै गाविसहरूमा मतदाता दर्ता कार्य अस्थायी रुपले बन्द गरिएको थियो ।

- इलाम जिल्लामा निर्वाचन आयोगले अप्रिल १ देखि मतदाता दर्ता शुरु गरेको थियो । संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसँग आबद्ध संघीय लिम्बुवान राज्यपरिषदका कार्यकर्ताहरूले ३ अप्रिलमा लिम्बुवान राज्यको सुनिश्चितता भएपछि मात्रै मतदाता दर्ता कार्य संचालन गर्न अनुमति दिने भन्दै हिंसात्मक वारदातको धम्की दिएर मंगलवारेको एउटा दर्ताकेन्द्रलाई बन्द गर्न वाध्य पारे । दर्ता कर्मचारीहरूलाई अन्य गाविसमा पनि त्यसै गरी धम्क्याइएको थियो र निर्वाचन आयोगले सबै ठाउँ दर्ता तत्काल रोक्यो ।

- तेह्रथुममा अप्रिल महिनाको शुरुतिरै संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसँग आबद्ध संघीय लिम्बुवान राज्यपरिषदको संगठित अवरोधले गर्दा पिप्लेमा दर्ता कार्य स्थगित गरिएको थियो । १५-२० जना लिम्बुवान कार्यकर्ताहरूको एउटा सानो समूहले त्यस गाविसमा दर्ता कार्य बन्द गर्न वाध्य पारेको थियो र दर्ता फारमहरू जफत गरेर लगेको थियो ।

बितेका धेरै महिनाहरूमा अवरोधहरू समाधान गर्ने प्रयत्नस्वरुप अवरोध पुऱ्याइरहेका दलहरूसँग राष्ट्रिय र जिल्ला दुवै तहमा उच्चस्तरीय वार्ता गर्ने काममा निर्वाचन आयोग लागिपरेको थियो । आफ्नो पहिलो अन्तरिम प्रतिवेदनमा यस्ता वार्ताहरू जारी राख्न र मतदाता दर्ता कार्य अघि बढाउन सघाउ पुग्ने गरी एउटा सहमतिमा पुग्नको लागि कार्टर सेन्टरले निर्वाचन आयोगलाई प्रोत्साहित गरेको थियो ।

मे महिनाको अन्त्यतिर निर्वाचन आयोग र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसँग आबद्ध संघीय लिम्बुवान राज्य परिषद एउटा यस्तै सहमतिमा पुगेका थिए । त्यसपछि अन्य कुराहरूका साथै राज्यको पुनःसंरचनापछि मतदाता दर्ता व्यवस्थापनका निम्ति संघीय प्रणाली अन्तरगत सबै कानुनी प्रावधानहरूमा बाँधिएर काम गर्न निर्वाचन आयोगले सहमति जनाएको थियो । त्यसको प्रत्युत्तरमा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसँग आबद्ध संघीय लिम्बुवान राज्य परिषदले मतदाता दर्ता प्रक्रियामा अवरोध पुऱ्याउने काम रोक्न आफ्ना कार्यकर्ताहरूलाई सूचित गर्ने कुरामा सहमति जनाएको थियो । पर्यवेक्षकहरूले के पाए भने मध्य जूनसम्ममा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसँग आबद्ध संघीय लिम्बुवान राज्य परिषदले अवरोध पुऱ्याउने काम पूर्णतः बन्द गरेको थियो । निर्वाचन आयोग र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसँग आबद्ध संघीय लिम्बुबान राज्य परिषदले सफलतापूर्वक सहमति कायम गर्न सकेकोमा कार्टर सेन्टर उनीहरूको सह्राहना गर्दछ ।

तैपनि यो प्रतिवेदन लेखिरहँदा मधेसवादी दलहरूले माथि समेत उल्लेख गरिएका सातवटा जिल्ला बाँके, कपिलवस्तु, झापा, मोरङ, नवलपरासी, रुपन्देही र सुनसरीका निश्चित ठाउँहरूमा निर्वाचन आयोगका अधिकारीहरूलाई अवरोधको धम्की दिई मतदाता दर्ता कार्य स्थगित गर्ने गरी अवरोध पुऱ्याउने काम जारी राखेका थिए । मतदाता दर्तामा अवरोध पुऱ्याइरहेका मधेसवादी दलहरूसँग उच्चस्तरीय वार्तामा संलग्न रहने काम जारी राखेर थप अवरोध ननिम्त्याउन एउटा सहमतिमा पुग्न कार्टर सेन्टर निर्वाचन आयोग र नेपाल सरकारलाई गर्दै आएको आह्वान दोहोऱ्याउँदछ ।

*राजनीतिक दलले अवरोध पुऱ्याएका क्षेत्रहरूमा मतदाता दर्ताको संख्या*

कार्टर सेन्टरको पहिलो अन्तरिम प्रतिवेदनमा उल्लेख भएझैं मधेसवादी र लिम्बुवान दलहरूले पुऱ्याएको अवरोधको सामना गरेका नगरपालिकाहरूमा मतदाता दर्ता संख्या अन्य नगरपालिकाहरूको सरदर संख्याभन्दा सामान्यतयाः निकै थोरै छ ।[१६] राष्ट्रव्यापी चरणको दर्ता कार्य सम्पन्न हुँदा पनि त्यही कुरा सत्य साबित हुनेछ, किनभने अवरोधहरूले गर्दा अहिलेसम्म केही जिल्लाहरूमा मतदाता दर्ता कार्य संचालन गर्न निर्वाचन आयोग व्यापक मात्रामा असफल भएको छ । सन् २०११ को जून ३० तारिखमा ७५ जिल्लाहरूमध्ये ४५ जिल्लाका सबै गाविसहरूमा मतदाता दर्ता गर्ने काम पूरा भएको छ भने त्यसको ठीक विपरीत लिम्बुवान पक्षधरहरूद्वारा अवरोध पुऱ्याइएका तीन जिल्लाहरू इलाम, पाँचथर र तेह्रथुममा मतदाता दर्ता कार्य हालसालै मात्रै शुरु भएको छ । त्यस बाहेक मधेसवादी दलहरूको अवरोधले अझैसम्म पनि असर पारेका बाँकेका ४६ मध्ये छ गाविस, कपिलवस्तुका ७७ मध्ये १० गाविस र नवलपरासीका ७३ मध्ये १२ गाविसहरूमा मात्रै मतदाता दर्ता कार्य सम्पन्न भएको छ ।

राजनीतिक दलका अवरोधहरूले असर पारेका क्षेत्रहरूमध्ये जहाँ जहाँ सम्भव हुन्छ त्यहाँ मतदाता दर्ता कार्य फेरि शुरु गर्ने कुरामा विचार गर्न कार्टर सेन्टरले आफ्नो पहिलो अन्तरिम प्रतिवेदनमा निर्वाचन आयोगलाई सिफारिस गरेको थियो । अवरोधले असर पारेका थुप्रै जिल्लाहरूमा मध्य जुलाईसम्म निर्वाचन आयोगले मतदाता दर्ता कार्य सम्पन्न गर्न सक्ने संभावना नदेखिएकोले मताधिकार गुम्न सक्ने नागरिकहरूलाई समेटनको लागि संभव र उपयुक्त ठाउँहरूमा मतदाता दर्ता प्रक्रिया विस्तार गर्न वा दर्ता कार्य फेरि सुचारु गर्न कार्टर सेन्टर निर्वाचन आयोगलाई जोडदार सिफारिस गर्दछ । योग्य मतदाताहरूले जिल्ला निर्वाचन कार्यालयमा गएर 'निरन्तर दर्ता' मार्फत् अझै पनि आफ्नो नाम दर्ता गराउन सक्ने प्रावधान भएपनि कार्टर सेन्टर के विश्वास गर्दछ भने सबै नागरिकहरूलाई आफ्नै ठाउँमा नाम दर्ता गर्नको निमित्त समान पहुँच र अवसरहरू प्रदान गर्नु पर्दछ ।

(ग) मतदाता हुने योग्यता

आफ्नो पहिलो अन्तरिम प्रतिवेदनमा कार्टर सेन्टरले मतदाता हुने योग्यता निर्धारण गर्न चाहिने कागजात, खास गरी नागरिकताको प्रमाणपत्र पेस गर्नु पर्ने र यदि आफ्नो स्थायी ठेगानाबाट अर्को जिल्लामा बस्न गएको छ भने बसाइँसराईको प्रमाण चाहिने प्रावधानले नाम दर्ता गर्न सक्ने केही व्यक्तिहरूलाई बाधा पुर्‍याएको कुरा उल्लेख गरेको थियो । निर्वाचन आयोगले दोहोरो नाम दर्ता नहोस् र अयोग्य व्यक्ति मतदाताको रुपमा दर्ता नहोऊन् भन्ने मनशायले मतदाता हुने योग्यताको लागि आवश्यकताको रुपमा निश्चित प्रावधान तोकेको थियो, तर त्यस्तो प्रावधानले आयोगको मनशाय विपरीत योग्य नागरिकहरूलाई नाम दर्ता गर्नबाट बञ्चित गरेको परिणाम उत्पन्न भएको छ ।

नागरिकताको प्रमाणपत्र वा बसाइँसराईको प्रमाण नभएका व्यक्तिहरूको संख्या र उनीहरूको ठेगानासँग सम्बन्धित ताजा र शुद्ध तथ्याङ्क नभएसम्म मतदाता हुने योग्यताको निम्ति चाहिने कागजातहरूले कति संख्यामा कुन हदसम्म नाम दर्ताको निम्ति बाधा

---

[१६]कुल मतदाता दर्ताको निर्धारित लक्ष्यअनुरुपको आँकडा अवरोधको सामना गरेका नगरपालिकाहरूको तुलनामा अवरोधको सामना नगरेका नगरपालिकाहरूको आँकडा उल्लेखनीय रुपमा उच्च रहेको छ । अवरोध नबेहोरेका नगरपालिकाहरू काभ्रेपलाञ्चोकको धुलिखेलमा निर्धारित लक्ष्यको ९५ प्रतिशत र पर्साको वीरगंजमा निर्धारित लक्ष्यको ८६ प्रतिशत दर्ता भएको थियो भने अवरोधको सामना गरेका नगरपालिकाहरू कपिलवस्तुको तौलिहवामा निर्धारित लक्ष्यको १५ प्रतिशत र बाँकेको नेपालगंजमा निर्धारित लक्ष्यको २० प्रतिशत मात्र दर्ता भएको थियो ।

पुऱ्याएका छन् भन्ने किटान गर्न गाह्रो छ ।[१७] कार्टर सेन्टरका पर्यवेक्षकहरूले गणकहरूबाट उनीहरूकै अभिलेखमा आधारित सूचनाहरू संकलन गरेका छन् । ती सूचनाले कतिले आवश्यक कागजातहरूको अभाव र अन्यत्रै बसोबास गरेको कारणले गणनामा पर्न र नाम दर्ता गर्न सकेनन् भन्ने कुराको केही संकेत प्रदान गर्दछन् ।

व्यक्तिगतरुपमा गणकले दिएको गणना गरिएकाहरूको अभिलेख, गणनामा अयोग्य भएकाहरू/ जिल्लाबाहिर दर्ता / मुलक बाहिरका मतदाताहरू

| | गणना गरिएकाहरू | गणना नगरिएकाहरू | नागरिकताको प्रमाणपत्र नभएकाहरू | जिल्लाबाहिर गएकाहरू | मुलुकबाहिर गएकाहरू |
|---|---|---|---|---|---|
| **स्याङ्जा*** | १८२ | २३६ | ६६ | ६९ | १०१ |
| **स्याङ्जा** | ८६ | ७३ | २५ | २७ | २१ |
| **म्याग्दी** | १५३ | १५२ | ७१ | २० | ६१ |
| **सुर्खेत*** | ५०२ | २०८ | ५९ | ९५ | ५४ |
| **ललितपुर** | ४०८ | ११५** | ७५ | १९ | उपलब्ध नभएको |
| **कपिलवस्तु** | २६० | १२९ | ४४ | २८ | ५७ |
| **कैलाली** | २४५ | २०८ | छरिएको तथ्याङ्क उपलब्ध नभएको | छरिएको तथ्याङ्क उपलब्ध नभएको | छरिएको तथ्याङ्क उपलब्ध नभएको |
| **रसुवा** | ८६ | ८४ | छरिएको तथ्याङ्क उपलब्ध नभएको | छरिएको तथ्याङ्क उपलब्ध नभएको | छरिएको तथ्याङ्क उपलब्ध नभएको |
| **सुर्खेत** | १९१ | ६८ | छरिएको तथ्याङ्क उपलब्ध नभएको | छरिएको तथ्याङ्क उपलब्ध नभएको | छरिएको तथ्याङ्क उपलब्ध नभएको |

*स्याङ्जा र सुर्खेतमा दुईजना गणकलाई बेग्लाबेग्लै अन्तरवार्ता गरिएको थियो ।
** ११५ जना व्यक्तिहरूमध्ये २१ जना गणनायोग्य नठानिएका, कारणहरू पर्यवेक्षकहरूलाई थाहा हुन सकेन ।

यस्ता आँकडाहरूलाई देशभरिको सालाखाला अवस्थाको पूर्वानुमानको लागि आधारका रुपमा लिन नसकिए पनि तिनले मतदाता हुनका लागि आवश्यक कुरासम्बन्धी अहिलेको प्रावधानले पुऱ्याएको असरभित्र हेर्न अन्तरदृष्टि प्रदान गर्दछन् । धेरै ठाउँहरूमा १६ वर्ष पुगेका वा त्यसभन्दा माथिको उमेरका एकतिहाइ र त्यसको आधा संख्याका बीचका व्यक्तिहरूले कागजातहरूको अभाव, खास गरी नागरिकताको प्रमाणपत्रको अभाव अथवा तिनीहरू जिल्लाबाहिर वा मुलुकबाहिर बस्न गएकोले गणनामा परेका छैनन् । गृहजिल्लाबाहिर रहेका कतिजना व्यक्तिहरूसँग बसाइँसराई प्रमाणित गर्ने कागजात छैन भन्ने कुरा निक्यौंल गर्न सम्भव नभए पनि केही व्यक्तिहरू थोरै समयको लागि अस्थायी तवरले जिल्लाबाहिर गएकोले उनीहरूसँग त्यस्तो कागजात छैन र उनीहरू त्यसको आवश्यकता पनि देख्दैनन् भन्ने कुरा अनुमान गर्नु तर्कसंगत नै हुन्छ ।

*१. नागरिकताको प्रमाणपत्र*

तत्काल हातमा नागरिकताको प्रमाणपत्र नभएका व्यक्तिहरू पनि मतदाता दर्ता प्रक्रियामा सहभागी हुन सकून् भन्ने सुनिश्चत गर्न निर्वाचन आयोगले यतिन्जेल गरेका प्रयत्नहरूसँग कार्टर सेन्टर परिचित छ । सन् २०११ को फेब्रुअरी महिनादेखि सबै योग्य व्यक्तिहरूलाई नागरिकताको प्रमाणपत्र वितरण गर्नका लागि थप कदमहरू चाल्नुपर्ने माग गरेर निर्वाचन आयोगले प्रधानमन्त्री र गृह मन्त्रालयलाई पत्राचार समेत गरिसकेको छ, र निजी बैठक तथा भेटघाटहरूमा पनि यो विषयलाई उठाएको छ ।

कार्टर सेन्टरले के पाएको छ भने, नागरिकताको प्रमाणपत्र अभावको समस्या कुनै एउटा क्षेत्र अथवा खास जाति वा लिङ्गमा सीमित समस्या नभएर यो एउटा राष्ट्रव्यापी समस्या हो । सकारात्मक कुरा के छ भने मतदाता दर्ता कार्य शुरु भएदेखि नागरिकताको प्रमाणपत्र लिनको लागि आवेदन दिने व्यक्तिहरूको संख्यामा उल्लेखनीय वृद्धि भएको छ ।[१८]

---

[१७]आवश्यक कागजात नभएका व्यक्तिहरूको यकिन संख्या अज्ञात नै छ । सन् १९९५ मा नेपाल सरकारले संचालन गरेको एउटा अध्ययनले के देखाएको छ भने ३४ लाखदेखि ५० लाखसम्मको संख्याका नेपालीहरूसँग नागरिकताको प्रमाणपत्र छैन । (धनपति उपाध्याय आयोगको प्रतिवेदन-सन् १९९५) त्यसपछि सन् २००७ मा सरकारले नागरिकताको प्रमाणपत्र वितरण गर्ने व्यापक अभियान नै चलायो र लगभग २६ लाख व्यक्तिलाई नागरिकताको प्रमाणपत्र वितरण गऱ्यो । आन्तरिक बसाइँसराईका सम्बन्धमा सन् २००८ मा राष्ट्रिय श्रमशक्ति सर्वेक्षणले गरेको एउटा सर्वेक्षणको तथ्याङ्क अनुसार नेपालभित्रै बसाइँसराइ गर्नेहरूको संख्या ८४ लाखसम्मको उच्च दरमा रहेको देखिएको थियो । समग्रमा सबै नेपालीहरूमध्ये ३३ प्रतिशत नेपालीहरू द्वन्द्वको अवधिमा आफ्नो गृहजिल्ला वा गाविसबाट अन्यत्र बसाइँ सरेको पाइयो । (केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय योजना आयोगको सचिवालय, नेपाल सरकार-राष्ट्रिय श्रमशक्ति सर्भेक्षण (सन् २००८) को तथ्याङ्कगत प्रतिवेदन) ।

[१८]नागरिकताको प्रमाणपत्रको लागि आवेदन बढनुको एउटा कारकतत्व मतदाता दर्ता हो भन्ने कुरा सरकारी अधिकारीहरूले स्वीकारेका भएपनि अन्य केही तत्वहरूले पनि यसमा भूमिका खेलेको कुरा केही अधिकारीहरूले बताएका छन् । जस्तै : १६ वर्ष पुगेका व्यक्तिहरूले एसएलसी उतीर्ण गरिसकेपछि नागरिकताको प्रमाणपत्र लिने भएकोले, कामको लागि विदेशमा बसोबास गर्न जाने बढ्दो प्रवृत्ति (राहदानी लिनको लागि नागरिकताको प्रमाणपत्र आवश्यक पर्दछ) र सरकारी सेवामा जागिरे हुनका लागि पनि नागरिकताको प्रमाणपत्र आवश्यक हुने भएकोले ।

- बारामा जिल्ला प्रशासन कार्यालयले गरेको अनुमान अनुसार मतदाता दर्ता कार्य शुरु भएदेखि त्यहाँ नागरिकताको प्रमाणपत्र लिनको लागि आवेदन दिने व्यक्तिहरूको संख्या प्रतिदिन ५०-६० जनाबाट बढेर प्रतिदिन २०० देखि २२५ सम्म पुगेको छ ।

- स्याङ्जामा मतदाता दर्ता कार्य शुरु भएदेखि नागरिकताको प्रमाणपत्र लिनको लागि आवेदन दिने व्यक्तिहरू प्रतिदिन २० देखि २५ जनाबाट बढेर प्रतिदिन करीब १५० पुगेका छन् ।

- दोलखामा नागरिकताको प्रमाणपत्र लिनको लागि आवेदन दिनेको संख्या प्रतिदिन ३०-३५ जनाबाट ह्वात्तै बढेर प्रतिदिन १२५ को हाराहारीमा पुगेको छ । त्यहाँ जिल्ला प्रशासन कार्यालयले दुईवटा दुर्गम गाविसमा नागरिकताको प्रमाणपत्र वितरण गर्ने घुम्ती सेवाको पनि व्यबस्था गरेको थियो । त्यसबाट २८६ जनालाई नागरिकताको प्रमाणपत्र वितरण गरिएको थियो ।

- धादिङमा नागरिकताको प्रमाणपत्रको लागि आवेदनको संख्या प्रतिदिन ३५-४० बाट ह्वात्तै बढेर लगभग १०० पुगेको थियो । त्यहाँ धेरैजसो २० वर्षमुनिका युवायुवतीहरू नागरिकताको निम्ति आवेदन दिन आएका थिए भने त्यसपछिको संख्यामा अन्य महिला र पाको उमेरका व्यक्तिहरू थिए ।

- सिराहामा नागरिकताको प्रमाणपत्रका निम्ति आवेदनको संख्या प्रतिदिन ३० को हाराहारीबाट बढेर प्रतिदिन ७०-८० पुगेको छ । ती आवेदनहरूमध्ये धेरैजसो आवेदन युवायुवतीहरूबाट परेका छन् ।

- सुर्खेतमा मतदाता दर्ता प्रक्रिया चलिरहेको अवधिमा नागरिकताको प्रमाणपत्रको लागि आवेदन ३० प्रतिशत बढेको त्यहाँको जिल्ला प्रशासन कार्यालयले अनुमान गरेको छ । त्यहाँ नागरिकहरूको एउटा तहलाई सालाखाला प्रतिदिन ८० वटा नागरिकताको प्रमाणपत्र वितरण गरिएको थियो । र,

- दार्चुलामा मतदाता दर्ता कार्य सञ्चालन हुनुअघि प्रतिदिन १५ देखि २० वटा आवेदन पर्ने अनुमान गरिएको थियो भने मतदाता दर्ता शुरु भएपछि बढेर ४० देखि १३० सम्म पुगेको छ । त्यसमा धेरैजसो आवेदन नवविवाहित महिलाको परेको छ । त्यसपछि पाको उमेरका व्यक्तिहरू र भर्खरै १६ वर्ष पुगेका युवाहरूको आवेदन परेको छ ।

नागरिकताको प्रमाणपत्रको लागि आवेदन दिनेहरूको संख्या धेरै भएकोले एक दुईवटा जिल्लाहरूमा मागको स्थितिलाई सम्हाल्न मुस्किल परिरहेको कुरा जिल्ला प्रशासन कार्यालयका अधिकारीहरूले बताएका थिए । पश्चिमाञ्चल क्षेत्रका केही जिल्लाहरूमा बढेको मागलाई पूरा गर्न कार्यालय खुल्ने समयावधि बढाउनु परेको थियो वा कर्मचारीहरू थप्नु परेको थियो । नागरिकताको प्रमाणपत्रको लागि बढेको आवेदन अनुसारको माग पूरा गराउन र मतदाता दर्ता प्रक्रियालाई गतिशील तुल्याउने प्रयत्नस्वरुप नागरिकताको प्रमाणपत्र वितरण गर्ने ठाउँहरू नजिकै र परराष्ट्र मन्त्रालयमा निर्वाचन आयोगले मतदाता दर्तास्थलहरू राख्ने सह्राहनीय काम गरेको छ ।

त्यति हुँदाहुँदै पनि नागरिकताको प्रमाणपत्रका लागि आवेदन दिन खास गरी हिमाली क्षेत्रमा आफ्नो घरदेखि जिल्ला प्रशासन कार्यालयसम्म दुर्गम क्षेत्रका नागरिकहरूले यात्रा गर्नु पर्ने कठिनाईहरू सामना गरिरहेको कुरा पर्यवेक्षकहरूले उल्लेख गरेका छन् । जुम्लामा राजनीतिक दल र नागरिकहरूले जिप्रकासँग नागरिकताको प्रमाणपत्र वितरण गर्न दुर्गम क्षेत्रका व्यक्तिहरूको घर घरसम्म पुग्ने घुम्ती टोलीहरूको व्यवस्था गरियोस् भन्ने माग गरेका थिए । सुदूर पश्चिमाञ्चल क्षेत्रमा अन्तरवार्ता गरिएका थुप्रै मानिसहरूले गणना गर्ने टोली गणनाको निम्ति पुग्नुअघि वा त्यस सँगसँगै नागरिकताको प्रमाणपत्र वितरण गर्ने घुम्ती टोलीहरू पुग्ने कुरा सुनिश्चित गर्नको लागि निर्वाचन आयोग र गृह मन्त्रालयबीच समन्वय हुनुपर्ने कुरामा जोड दिएका छन् । दोलखामा गृह मन्त्रालयको निर्देशनबाट स्वतन्त्र रुपमा यस्ता क्रियाकलापहरू भएका थिए र स्थानीय नागरिकहरुले राम्रोसंग लिएको पाएका थिए ।[१९]

बढीभन्दा बढी संख्याका व्यक्तिहरूले मतदान गर्ने उद्देश्यले नाम दर्ताको लागि नागरिकताको प्रमाणपत्र लिन आवेदन दिइरहेको कुरा सकारात्मक हुँदाहुँदै पनि व्यक्तिगत रुपमा पहल गरिएका यस्ता प्रयत्नहरू मात्रै नागरिकताको समस्या समाधानको लागि पर्याप्त हुन्छन् कि हुँदैनन् भन्ने ठम्म्याउन गाह्रो छ । दुःखको कुरा त के छ भने सबै योग्य नेपालीहरूले नागरिकताको प्रमाणपत्र

[१९] नागरिकताको प्रमाणपत्र वितरणको लागि घुम्ती अभियान चलाउने विषयमा जिल्ला प्रशासन अधिकारीहरूमा केही समर्थन देखिन्छ, तर त्यो काम गर्नको लागि गृह मन्त्रालयले निर्देशन दिनु पर्दछ । म्याग्दीमा नागरिकताको प्रमाणपत्र वितरण कार्य संचालन गर्न त्यहाँका प्रमुख जिल्ला अधिकारीले गएको वर्षमा सात वटा गाविसहरूमा भ्रमण गरेका थिए । तर मतदाता दर्ता प्रक्रिया शुरु हुनुअघि सबै दुर्गम क्षेत्रमा भ्रमण गर्न नसकेकोमा उनले खेद व्यक्त गरे ।

पाउने कुरा सुनिश्चत गर्न प्रभावकारी बन्दोबस्त मिलाउने विषयमा गृह मन्त्रालयले राष्ट्रव्यापी रुपमा अत्यन्त थोरै कदम चालेको छ । आवश्यक कागजातसहित आएका आवेदकहरूलाई उही दिन नागरिकताको प्रमाणपत्र दिन गृह मन्त्रालयले जिल्ला प्रशासन अधिकारीहरूलाई निर्देशन दिइसकेको छ, तैपनि त्यसअनुसार काम भइरहेको छैन । साथसाथै नागरिकताको प्रमाणपत्र वितरण गर्ने घुम्ती टोली खडा गर्ने बारेमा पनि हालसम्म थप पहलहरू केही भएका छैनन् ।

नागरिकताको प्रमाणपत्र वितरण गर्ने घुम्ती टोलीको व्यवस्था जस्तो राज्यको पहलमा अतिरिक्त प्रयत्नहरू नगरिएसम्म दुर्गम क्षेत्रमा बसोबास गरिरहेका व्यक्ति वा बुढाबुढी, असक्त वा कुनै प्रकारले सीमान्तीकृत व्यक्तिहरू मतदाता दर्ता प्रक्रियाबाट बाहिर पर्न पनि सक्छन् भन्ने कुरामा कार्टर सेन्टरले सरोकार राखेको छ । यस मुद्दामाथि आवाज उठाउने (advocacy) प्रयत्नहरू जारी राख्न कार्टर सेन्टर निर्वाचन आयोगलाई प्रोत्साहित गर्दछ र सर्वोच्च अदालतले सन् २०११ मा गरेको फैसला अनुरुप योग्य नेपाली नागरिकहरूलाई नागरिकताको प्रमाणपत्र दिन प्रभावकारी बन्दाबस्त मिलाउन सर्वोच्च अदालतले सरकारलाई आदेश गरेअनुरुप काम गर्न गृह मन्त्रालयलाई प्रोत्साहित गर्दछ । साथै, अन्तर्राष्ट्रिय प्रचलन र नाम दर्ता गरिने सबै व्यक्तिहरू दर्ताको निम्ति योग्य छन् र अन्य कुराका साथै उमेर, जात र लिङ्गको आधारमा अन्यायपुर्ण किसिमले ती व्यक्तिहरूको अधिकार खोसिने छैन भन्ने कुरा सुनिश्चित गर्न सरकारले प्रभावकारी उपायहरू अवलम्वन गर्नुपर्छ भन्ने कुरामा जोड दिने नेपाल सरकारले हस्ताक्षर गरेको सम्झौताअनुरुप काम गर्न नेपाल सरकार नैतिक रुपले बाध्य छ ।[२०]

*२. बसाइँसराईको प्रमाण*

सन् २०११ को मार्च महिनामा निर्वाचन आयोगले बसाइँसराईको प्रमाणसम्बन्धी आफ्नो नीतिमा संसोधन गर्दै व्यक्तिहरुलाई हाल बसोबास गरिरहेको ठाउँको गाविस वा नगरपालिकाबाट पत्र लिन सकिने र बसाइंसराईको प्रमाणका रुपमा स्वीकार गर्न सकिने किसिमको व्यवस्था गर्‍यो । यस्तो मापदण्ड अपनाएकोमा आफ्नो पहिलो अन्तरिम प्रतिवेदनमा कार्टर सेन्टरले निर्वाचन आयोगलाई सह्राहना गरेको थियो, तर व्यवहारमा त्यो मापदण्ड कसरी लागू गरिन्छ भन्ने कुरा अस्पष्ट नै छ भन्ने पनि सँगसँगै उल्लेख गरेको थियो । गाविसहरूले व्यक्तिहरूसँग माग गर्ने कागजातहरूमा पनि ठाउँ हेरी उल्लेखनीय भिन्नता आउन सक्छ भन्ने कुरामा पनि कार्टर सेन्टरले आफ्नो सरोकार व्यक्त गरेको थियो । अप्रिल र मे महिनामा गाविस कार्यालयहरू भ्रमण गरेका पर्यवेक्षकहरूले वास्तवमै त्यस किसिमका भिन्नताहरू पाएका थिए । केही मामिलामा त बसोबास-सम्बन्धी पत्र तयार गर्न गाविस कार्यालयहरूले मागेका कागजातहरू निर्वाचन आयोगले बसाइँसराईको प्रमाणका रुपमा माग गर्दै आएको कागजातजस्तै थिए । उदाहरणका लागि गाविसहरूले जमिनको स्वामित्व झल्कने कागजात र विवाह दर्ता प्रमाणपत्र माग गरेका थिए । गाविस सचिवहरूले नागरिकहरूसँग त्यस्तो कागजात माग गर्ने कामले बसाइँसराईको प्रमाणसम्बन्धी प्रावधानलाई सहज तुल्याएर मतदाताका रुपमा नाम दर्ता गर्ने काममा आइलागेका बाधाहरू हटाउन निर्वाचन आयोगले गरेका प्रयत्नहरूलाई हानि पुर्‍याउँछ । पर्यवेक्षकहरूले पाएको जानकारी अनुसार, समस्यालाई झन् जटिल त के कुराले पारेको छ भने थुप्रै जिल्लाहरूमा जिल्ला निर्वाचन अधिकारीहरू, गणकहरू र सरकारी अधिकारीहरूलाई गाविसहरूबाट दिइने पत्रहरूका सम्बन्धमा निर्वाचन आयोगको नीतिमा गरिएको परिवर्तनबारे कि त जानकारी नै छैन, कि उनीहरूले यसबारे गलत जानकारी पाएका छन् ।

- ललितपुरमा, कुनै व्यक्तिले यदि जग्गाधनी प्रमाणपत्र, विवाह दर्ता प्रमाणपत्र वा बिजुली, खानेपानी आदिको बिल पेस गर्‍यो भने मात्रै बसोबासको पत्र दिने कुरा एउटा गाविस सचिवले बताए ।

- स्याङ्जाका अन्तरवार्ता गरिएका गाविस सचिवहरू निर्वाचन आयोगले परिवर्तन गरेको नीतिबारे सचेत थिएनन् भने जिल्ला निर्वाचन अधिकारीहरूले सम्पत्तिको स्वामित्वको प्रमाण पेस गर्ने व्यक्तिहरूलाई मात्रै बसोबासको पत्र दिन सकिने कुरा बताए ।

- सुर्खेतमा एकजना गाविस सचिवलाई निर्वाचन आयोगको परिवर्तित नीतिबारे थाहै थिएन र आफ्नो गृहजिल्लाबाट दिइएको बसाइँसराईको पत्र प्रस्तुत गर्ने व्यक्तिलाई मात्रै नयाँ बसोबासको पत्र दिन सकिने कुरा उनले बताए ।

- कैलालीमा एकजना गाविसका सहायकले कुनै व्यक्तिको घर भएको गाविसले दिएको बसाइँसराईको पत्र मात्रै स्वीकार गर्ने वा अपवादस्वरुप उक्त व्यक्तिलाई धेरै पहिलेदेखि नै चिनेको पुरानो बासिन्दाले सिफारिस गरेमा मात्रै नयाँ बसोबासको पत्र दिन मिल्ने कुरा बताए ।

[२०] संयुक्त राष्ट्र संघको मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणाको धारा २१ ले 'लोकतान्त्रिक निर्वाचनहरू भनेका मानव अधिकार हुन् र ती विश्वव्यापी मताधिकारमा आधारित हुने छन्' भन्ने उल्लेख गरेको छ । त्यस अनुसारका थुप्रै सम्मेलनहरू र उपकरणहरूले आफ्नो मुलुकको शासनमा सहभागिता राख्न चाहने सबै व्यक्तिहरू त्यसको निम्ति योग्य छन् भन्ने कुरा सुनिश्चित गर्न सबै आवश्यक उपायहरू अवलम्बन गर्न नेपाल सरकारलाई नैतिक रुपले बाध्य पारेका छन् । त्यस अन्तरगत 'सिभिल एण्ड पिपुल्स राइट' माथि भएको संझौताको धारा २, संयुक्त राष्ट्र संघको मानव अधिकार समितिको सामान्य व्याख्या २५ का साथै जाति, राष्ट्रियता, जनजातीयता, लिङ्ग, उमेर, शिक्षा र अन्य आधारमा मताधिकारबाट वन्चित गर्ने कामलाई प्रतिबन्ध लगाउन गरिएका थुप्रै सम्झौताहरू पर्दछन् ।

- म्याग्दीमा जिल्ला निर्वाचन अधिकृतलाई नै निर्वाचन आयोगको नीतिमा परिवर्तन भएको कुरा थाहा थिएन भने एकजना गणकले कुनै व्यक्ति १० वर्षभन्दा बढी समयदेखि नयाँ ठाउँमा बसेको भए मात्रै उसलाई नयाँ बसोबासको पत्र दिन सकिने कुरा बताए ।

नाम दर्ताको निम्ति बाधा अडचनहरू न्यूनीकरण गर्ने उपायहरू गरिरहेकोमा एकातिर निर्वाचन आयोग त्यसको निम्ति भागीदार छ भने अर्कोतिर त्यही प्रयोजनको निम्ति निर्वाचन आयोगले आफ्नो नीतिमा गरेको परिवर्तन व्यर्थमा खेर नजाओस् भन्ने ध्येयले थप कदमहरू चाल्नु पनि उत्तिकै महत्वपूर्ण छ । गाविसहरूबाट पत्र लेखिदिनका लागि गरिएको निर्देशन न्यायसंगत छ र योग्य नागरिकहरूलाई नाम दर्ताको निम्ति पहुँचहरू बढाउन गरिएका प्रयत्नहरूमा बाधा नपुगोस् भन्ने कुरा सुनिश्चित गर्नको लागि निर्वाचन आयोगले स्थानीय विकास मन्त्रालयसँग समन्वय कायम गर्नु पर्दछ । नीतिहरू एकै किसिमले र स्वच्छ किसिमले लागू गर्न सक्षम हुनका लागि मतदाताको नाम दर्ता गर्ने काममा खटिएका सबै कर्मचारीहरू नीतिमा गरिएको परिवर्तनवारे सजग छन् भन्ने कुरालाई निर्वाचन आयोगले सुनिश्चित गर्नु पर्दछ ।

घ. निरन्तर दर्ता

नगरपालिकाको चरण, ब्रिजिङ चरण वा राष्ट्रव्यापी चरणमा नाम दर्ता गर्न नसकेका व्यक्तिहरूलाई जिल्ला निर्वाचन कार्यालयहरूमा 'निरन्तर दर्ता' मार्फत् नाम दर्ता गराउने अवसर दिइएको छ । कार्टर सेन्टरले आफ्नो पहिलो अन्तरिम प्रतिवेदनमा 'निरन्तर दर्ता' कार्यक्रम त्यति राम्ररी प्रचारित छैन भन्ने कुरा उल्लेख गरेको थियो । नगरपालिका चरणको शुरुतिर तथा ब्रिजिङ चरणको अवधिमा तुलनात्मक रुपमा थोरै व्यक्तिहरूले 'निरन्तर दर्ता' मार्फत् नाम दर्ता गराएका छन्[२१] भन्ने कुरा पनि त्यसमा उल्लेख गरेको थियो । निरन्तर दर्ता कार्यक्रमको बारेमा सार्वजनिक सजगता प्रस्ट रुपले सीमित भएको कुरालाई ध्यानमा राखेर कार्टर सेन्टरले निर्वाचन आयोगलाई मतदाता शिक्षाका प्रयत्नहरूमा निरन्तर दर्ताको विषयमा जोड दिन, खास गरी मतदाता दर्ताको काम समाप्त गरिएका ठाउँका व्यक्तिहरूलाई लक्षित गरेर 'निरन्तर दर्ता' कार्यक्रममाथि जोड दिन सिफारिस गरेको थियो ।

हालका महिनाहरूमा 'निरन्तर दर्ता' मार्फत् नाम दर्ता गर्ने नागरिकहरूको संख्यामा अलिकति वृद्धि भएको कुरा जिल्लाहरूमा भ्रमण गरेका पर्यवेक्षकहरूले बताएका छन् । के अनुमान गरिएको छ भने सरदर लगभग ३० देखि ५० जना व्यक्तिहरूले प्रतिदिन कैलाली, काठमाडौं र ललितपुरजस्ता जिल्लामा जिल्ला निर्वाचन कार्यालयमा पुगेर 'निरन्तर दर्ता' मार्फत् नाम दर्ता गराएका छन् । त्यस्तै, प्रतिदिन १० देखि ३० जनाले बारा, दाङ, सप्तरी र सुर्खेतका निर्वाचन कार्यालयमा पुगेर नाम दर्ता गराएका छन् । त्यस्तै, प्रतिदिन १० को वरिपरिका संख्याका व्यक्तिहरूले दार्चुला, जुम्ला, महोत्तरी र स्याङ्जामा नाम दर्ता गराइरहेका छन् ।[२२]अनुमान गरिए अनुसारको यो वृद्धिदरलाई केही शंकाको दृष्टिले हेरिनुपर्छ, तर 'निरन्तर दर्ता'को विगतको कुल संख्यासँग तुलना गरेर हेर्दा यो दरलाई पत्यारिलो नै मान्न सकिन्छ । सन् २०११ को मे महिनाको आँकडा हेर्दा 'निरन्तर दर्ता'द्वारा कैलालीमा १,२५८ जना, ललितपुरमा १,३८२ जना, सुर्खेतमा ९२२ जना, स्याङ्जामा ५०१ जना र दार्चुलामा २१३ जना नागरिकहरू दर्ता भएका थिए ।[२३]

दर्ताको कुल संख्यामा वृद्धि हुनु सकारात्मक भए पनि जिल्ला निर्वाचन कार्यालयका कर्मचारीहरूले दिएको दर्ताको दरसम्बन्धी जानकारीलाई हेर्दा निर्वाचन आयोगले मध्य जुलाईसम्मलाई निर्धारण गरेको लक्ष्य प्राप्त गर्न 'निरन्तर दर्ता' मात्रै पर्याप्त हुने देखिँदैन । त्यसभन्दा बढी, नाम दर्ता गर्ने संभावित व्यक्तिहरूको अनुमानित कुल संख्या अनुरुप दर्ता गर्न पनि 'निरन्तर दर्ता' मात्रै पर्याप्त हुने देखिँदैन । अझ कार्टर सेन्टरले 'निरन्तर दर्ता'को बारेमा सार्वजनिक सजगता समग्रमा निकै सीमित रहेको पाएको छ । त्यसैले 'निरन्तर दर्ता' सम्बन्धमा सजगता बढाउन निर्वाचन आयोगले मतदाता शिक्षाका प्रयत्नहरू अघि बढाउनु पर्छ भनेर यसअघि पनि गरिसकेको सिफारिसलाई कार्टर सेन्टर दोहोऱ्याउँछ । अन्त्यमा, कार्टर सेन्टरले आफ्नो पहिलो अन्तरिम प्रतिवेदनमा गरेको एउटा सिफारिस पनि दोहोऱ्याउँछ- एकपटक स्थलगत मतदाता दर्ता सकिएपछि योग्य मतदाताहरूलाई नाम

[२१]कार्टर सेन्टरले अप्रिल महिनामा जारी गरेको पहिलो अन्तरिम प्रतिवेदनमा पाँचवटा जिल्लाहरू डोटी, इलाम, कन्चनपुर, काभ्रेपलान्चोक र मोरङमा निर्वाचन अधिकारीहरूले पाँच जनाको हाराहारीमा व्यक्तिहरू प्रतिदिन जिल्ला निर्वाचन कार्यालयमा नाम दर्ता गराउन आएको कुरा बताएका थिए भनेर उल्लेख गरेको थियो । निर्वाचन अधिकारीहरूले बताए अनुसार कपिलवस्तुमा जम्माजम्मी चार जना मात्र जिल्ला निर्वाचन कार्यालयमा नाम दर्ता गराउन आएका थिए । दुईवटा जिल्लाहरूमा 'निरन्तर दर्ता'द्वारा प्रतिदिन नाम दर्ता गराउने व्यक्तिहरूको सरदर संख्या अलि बढी थियो । पर्सामा सरदर प्रतिदिन झण्डै २५ जना र काठमाडौंमा प्रतिदिन सरदर ४० देखि ५० जना व्यक्तिहरूले 'निरन्तर दर्ता'द्वारा नाम दर्ता गराएका थिए ।

[२२]ब्रिजिङ चरणको तथ्याङ्कले तुलनात्मक अवस्था दर्शाउने काम गर्दछ र वृद्धिदरलाई प्रस्ट पार्दछ : त्यस चरणको अवधिमा स्याङ्जामा 'निरन्तर दर्ता' मार्फत् प्रतिदिन १ देखि २ जनाले मात्रै नाम दर्ता गराएका थिए । त्यस्तै, बारामा प्रतिदिन २ देखि ४ जना, दाङमा प्रतिदिन ४ देखि ५ र महोत्तरीमा पाँच देखि आठ जनाले प्रतिदिन नाम दर्ता गराएका थिए ।

[२३]३२ जिल्लामध्ये थोरैमा नगरपालिकाको चरणमा कसैले नाम दर्ता गराएनन् , तर ती ठाउँहरूमा निर्वाचन आयोगले अझैसम्म पनि 'निरन्तर दर्ता'द्वारा नाम दर्ता गर्ने काम थालेको छैन । तैपनि त्यस्ता धेरै जिल्लाहरूका केही स्थानहरूमा गएको दुई महिनादेखि 'निरन्तर दर्ता'को पहल गरिएको छ ।

दर्ताको निम्ति पहुँचहरू बढाउन 'निरन्तर दर्ता'का लागि जिल्ला सदरमुकामबाहिर पनि दर्तास्थलहरू स्थापना गर्न सकिने संभावनामाथि पनि ध्यान दिनु पर्दछ ।

ङ. <u>तथ्याङ्क व्यवस्थापन</u>

जिल्ला र गाविस तहमा मतदाता दर्ताको तथ्याङ्क व्यवस्थापन गरिएको तरिकासँग सम्बन्धित समस्याहरूका बारेमा कार्टर सेन्टरले आफ्नो पहिलो अन्तरिम प्रतिवेदनमा उल्लेख गरेको थियो, र त्यसमाथि पनि विशेष गरी स्थानीय तहमा तथ्याङ्क व्यवस्थापनको नाजुकता तथा केन्द्रीय तहमा तथ्याङ्क व्यवस्थापनका कमजोरी र दक्षताको अभावका बारेमा चासो व्यक्त गरेको थियो । कार्टर सेन्टर के सिफारिस गर्दछ भने निर्वाचन आयोगले आफ्नो तथ्याङ्क व्यवस्थापन प्रक्रियाको समीक्षा गरोस् र तथ्याङ्कको सुरक्षा, तथ्याङ्क एकत्रित गर्ने काम र तथ्याङ्क शुद्धीकरण र स्थानान्तरणको उद्देश्यका निम्ति जिल्ला तहमा 'सर्भर' पठाउनका निम्ति कार्य सञ्चालन योजना लागू गरोस् ।

अहिले निर्वाचन आयोगले गरेको मतदाता अभ्यासको सबभन्दा कमजोर पक्ष नै तथ्याङ्क व्यवस्थापन हो । एउटा केन्द्रीय तथ्याङ्क केन्द्रको स्थापना, तथ्याङ्क व्यवस्थापन सफ्टवेयरको विकास, तथ्याङ्कलाई अद्यावधिक गर्ने र परीक्षण गर्ने काम, दर्ताको तथ्याङ्कलाई दर्ता भएको मितिमै केन्द्रीय तहमा पठाउने काम, त्यस्तो तथ्याङ्क केन्द्रीय र जिल्ला तहमा र एउटा जिल्लाबाट अर्को जिल्लामा पठाउनको निम्ति कम्प्युटर सञ्जाल खडा गरेर आन्तरिक संचारको एउटा पूर्वाधारको सिर्जना गर्ने काम लगायत निर्वाचन आयोगको योजनाका थुप्रै प्रमुख पक्षहरू अझै व्यवहारमा लागू हुन बाँकी छन् ।

महिनौंको ढिलाइपछि जून महिनामा सबै ७५ वटै जिल्लामा 'सर्भर'हरू पठाइएको थियो र जिल्ला निर्वाचन कार्यालयका कर्मचारीहरूले सर्भरहरू प्रयोग गरेर कसरी तथ्याङ्क व्यवस्थित गरिन्छ भन्ने तालिम पाएका थिए । तथ्याङ्कलाई सुरक्षित र एकत्रित गर्नको लागि सर्भरहरूको प्रयोग गरिनेछ, तथ्याङ्क शुद्धीकरण वा तथ्याङ्कलाई केन्द्रीय तहमा स्थानान्तरणका लागि होइन । किनभने अहिलेसम्म तथ्याङ्क शुद्धीकरण प्रक्रिया व्यवस्थित गरिएको छैन, नत तथ्याङ्क स्थानान्तरण गर्न सकिने गरी आन्तरिक संचारको भौतिक पूर्वाधार नै तयार गरिएको छ । त्यसको परिणामस्वरुप जिल्ला तहमा संकलन गरिएको तथ्याङ्कलाई कम्प्युटरको संजालद्वाराभन्दा मानिसबाटै स्थानान्तरण गर्नु परेको छ ।

जिल्ला तहमा अहिले दशौं लाख मतदाताको तथ्याङ्क रहेको छ, र राष्ट्रव्यापी चरणको दर्ता कार्य सकिएपछि मात्रै त्यसलाई एकत्रित गरिनेछ । दर्ताको तथ्याङ्क केन्द्रीय तहमा एकत्रित नभएसम्म निर्वाचन आयोगले तथ्याङ्कको सत्यता जाँच्नको निम्ति गुणस्तर परीक्षण गर्ने काम पूरा गर्न सक्दैन, जस अन्तरगत संभावित त्रुटिको प्रकृति र मात्राको परीक्षण गर्ने काम पनि पर्दछ । अझ, निर्वाचन आयोगले दोहोरो नाम दर्तालाई कसरी हटाउने भन्ने विषयमा नीति र विधि-प्रक्रिया पनि निर्धारण गरेको छैन, जबकि दोहोरो दर्ताको पहिचान र खारेजीमा रहेका चुनौतीहरूको आँकलन गर्न आंशिक परीक्षण मात्रै गरिँदै आएको छ । तथ्याङ्क शुद्धीकरण र दोहोरो दर्ता हटाउने काम अक्सर समय र श्रमकेन्द्रित प्रक्रिया भएकोले निर्वाचन आयोगले सकेसम्म छिटो गुणस्तर परीक्षण र नियन्त्रण  गर्ने काम शुरु गर्नुपर्छ ।

निर्वाचन आयोगमा सूचना-प्रविधिका प्रमुख अंगहरूलाई व्यवस्थित गर्ने कर्मचारीहरू सीमित हुनु तथ्याङ्क व्यवस्थापन प्रक्रिया कमजोर हुनुको एउटा कारण हो । अहिले आफूलाई चाहिने आन्तरिक संचार विकास गर्ने क्षमता निर्वाचन आयोगसँग छैन र तथ्याङ्क व्यवस्थापन गर्ने भौतिक पूर्वाधार तयार गर्न बाहिरबाट विशेषज्ञहरूको सहयोग लिइएको छ । ती विशेषज्ञहरूले सफ्टवेयरको विकास र त्यसलाई अद्यावधिक गर्ने काम बाहिरी स्रोतकै निजी ठेकदारहरूलाई दिएका छन् । तथ्याङ्क व्यवस्थापनसँग सम्वन्धित प्रक्रियालाई व्यवस्थित गर्ने काममा सक्षम हुन निर्वाचन आयोगले चाहिने जति सूचना प्रविधिको दक्षता भएका कर्मचारीहरूलाई अस्थायी रुपमा भर्ना गर्नुका साथै सूचना-प्रविधिको काम गरिरहेका आफ्ना कर्मचारीहरूको क्षमता बढाउने कुरामा ध्यान दिनुपर्छ र मतदाता दर्ताको रजिष्टरलाई उचित किसिमले राखिएको कुरा सुनिश्चित गर्नुपर्छ । दीर्घकालीन व्यवस्थापनलाई प्रभावकारी बनाउन सफ्टवेयर विकास र तथ्याङ्क व्यवस्थापन गर्ने क्षमता निर्वाचन आयोगभित्रै पनि विकास गर्नुपर्छ ।

समग्रमा, तथ्याङ्क व्यवस्थापनलाई प्राथमिकतामा राख्नु आयोगको निम्ति महत्वपूर्ण छ । विशेष गरी निर्वाचन आयोगले निम्न काम गर्नु पर्छ : केन्द्रीय तहको तथ्याङ्क केन्द्रको स्थापना, मतदाता दर्ताको सफ्टवेयर विकास र अद्यावधिक गर्ने काम, आन्तरिक संचारको पूर्वाधार तयार पार्ने काम, तथ्याङ्क शुद्धीकरणको निम्ति विधि-प्रक्रियाको निर्धारण, उल्लेखनीय रुपमा दोहोरो नाम दर्ताको पहिचान र खारेजी गर्ने काम तथा तथ्याङ्क व्यवस्थापनको प्रक्रियालाई व्यवस्थित र ठीकठाक राख्न सूचना-प्रविधिका कर्मचारीहरूको क्षमताको पर्याप्तता सुनिश्चित गर्ने काम ।

च. <u>राष्ट्रव्यापी चरण</u>

*(१) मतदाता शिक्षा*

आफ्नो पहिलो अन्तरिम प्रतिवेदनमा कार्टर सेन्टरले ब्रिजिङ चरणमा मतदाता शिक्षाका प्रयत्नहरू सामान्यतः कमजोर र अपर्याप्त पाएको कुरा उल्लेख गरेको थियो । गणना गर्ने काम नै नागरिकहरूले मतदाता दर्ता प्रक्रिया बारे जानकारी प्राप्त गर्ने सबभन्दा व्यापक रुपमा चिनिएको माध्यम थियो । राष्ट्रव्यापी चरणको अवधिमा निर्वाचन आयोगले मतदाता शिक्षाका प्रयत्नहरू बढाउनको लागि पहिले नै केही कदमहरू चालेको कुरा उल्लेख गर्दै प्रतिवेदन सार्वजनिक भएको समयमा कार्टर सेन्टरले गणना र मतदाता दर्ता अभ्यास थालिनुअघि नै यस्ता प्रयत्नहरू अझ राम्ररी सञ्चालन गरिने कुरा सुनिश्चित गर्न आयोगलाई सिफारिस गरेको थियो ।

राष्ट्रव्यापी चरणको अवधिमा पर्यवेक्षकहरूले मतदाता शिक्षाका प्रयत्नहरू थोरै भएपनि बढेको देखेका छन् । खास गरी देखिने संख्यामा पोस्टरहरू बढनुका साथै रेडियो र टेलिभिजनमा मतदाता दर्ता सम्बन्धी विज्ञापन र अन्य खाले प्रचार सामाग्रीको प्रसारण बढेको थियो । छ वटा जिल्लामा ८० जना नागरिकहरूसँग गरिएको अन्तरवार्ता अनुसार, मतदाता शिक्षाको सबभन्दा प्रमुख स्रोत गणकहरूले गरेको भेटघाट नै थियो भन्ने कुरा ६१ जनाले बताएका थिए । तैपनि एउटा महत्वपूर्ण अल्पसंख्याले अर्थात् २८ जनाले मतदाता दर्ता-प्रक्रियाबारे रेडियोबाट थाहा पाएको बताएका थिए । पोस्टरबाट जानकारी पाएको बताउने १६ जना थिए भने टेलिभिजनबाट जानकारी पाएको कुरा आठ जनाले बताएका थिए । गणनाबाहेक अरु सबै प्रकारका क्रियाकलापमा ब्रिजिङ चरणको तुलनामा मतदाता शिक्षामा उल्लेखनीय प्रगति भएको छ । (ब्रिजिङ चरणको बेला अन्तरवार्ता गरिएका ९८ जनामध्ये १२ जनाले रेडियोबाट, १३ जनाले पोस्टरबाट र चार जनाले टेलिभिजनबाट मतदाता दर्ताको बारेमा जानकारी पाएका थिए ।)

स्थानीय तहमा (गाविस र दर्तास्थलहरूमा) गरिएको प्रयत्नभन्दा राष्ट्रिय र जिल्ला तहको पहलबाट भएका मतदाता शिक्षाका प्रयत्नहरू मतदाता शिक्षाका बढी प्रभावकारी स्रोत देखिएको कुरा पर्यवेक्षकहरूले उल्लेख गरेका छन् । जुलुस प्रदर्शन, सडक नाटक र समुदायमा सञ्चालित अन्तरक्रियाजस्ता गाविस तहमा गरिएका मतदाता शिक्षाका थुप्रै प्रयत्नहरूमा थोरै मात्र एकरुपता भएको र गाविसपिच्छे त्यस्ता प्रयत्नका किसिमहरू फरक फरक रहेको पर्यवेक्षकहरूले बताएका छन् । साथै त्यस्ता प्रयत्नहरू ठूलो मात्रामा स्थानीय सरोकारवालाहरूको प्रतिबद्धतामाथि निर्भर देखिएको पनि पर्यवेक्षकहरूले बताएका छन् ।

पर्यवेक्षकहरूले सामान्यतः के पनि ख्याल गरेका थिए भने ब्रिजिङ चरणको तुलनामा मतदाता दर्ता प्रक्रियाबारे नागरिकहरूको बुझाइमा पनि प्रगति भएको छ । अन्तरवार्ता गरिएका नागरिकहरूमध्ये बहुसंख्यकलाई उनीहरूको नाम दर्ता गराउने अपेक्षा किन गरिएको छ भन्ने कुरा थाहा थियो । केहीले नाम दर्ता गराउँदा त्यसबाट एउटा व्यक्तिले अर्काको नाममा मतदान गर्ने वा अन्य किसिमको धाँधली गर्ने कामलाई निरुत्साहित गरेर भविष्यमा हुने निर्वाचनलाई स्वतन्त्र र स्वच्छ तुल्याउन सघाउ पुग्दछ भन्ने बताएका थिए भने नाम दर्ता गराइयो भने राष्ट्रिय परिचयपत्र पाइनेछ भन्ने कुरामा अरु धेरैजना सजग थिए । अन्तरवार्ता गरिएका व्यक्तिहरूमध्ये थोरैलाई भने नाम दर्ता गराउनु पर्ने कारणबारे केही थाहा थिएन । तर तिनै थोरैमध्ये अधिकांश अझै पनि गणकहरूले सिकाए अनुसार फोटो खिचाउन दर्तास्थलहरूमा पुगेका थिए ।

*(२) गणना*

पहिलो अन्तरिम प्रतिवेदनमा कार्टर सेन्टरले के उल्लेख गरेको थियो भने ठूलो संख्याका गणकहरू आफ्नो दैनिक लक्ष्य पूरा गर्न सफल भएका भएपनि कठिन भौगोलिक अवस्था र गणकहरू घरमा आइपुग्नुअघि मतदाता दर्ता प्रक्रियाबारे नागरिकहरूमा सचेतनाको अभावले गर्दा केही क्षेत्रहरूमा गणकहरूका प्रयत्नहरू सुस्त भएका थिए । राष्ट्रव्यापी चरणको अवधिमा पर्यवेक्षकहरूले अन्तरवार्ता लिएका धेरै गणकहरूले आफ्नो निर्धारित लक्ष्य पूरा गरेको बताएका थिए । तराईमा प्रतिदिन ३५ जना व्यक्तिहरू तथा हिमाली र पहाडी क्षेत्रमा प्रतिदिन २५ जना व्यक्तिहरूलाई गणना गर्न गणकहरू सफल भएका थिए । त्यसका साथसाथै आवश्यक परेको बेलामा दोहोऱ्याएर घरहरूमा पुग्ने काम पनि उनीहरूले गरेका थिए । मतदाता शिक्षाका प्रयत्नहरूमा भएको सानो बढोत्तरीले पनि गणकहरूका प्रयत्नहरूलाई प्रष्ट देखिने गरी सहजीकरण गरेको थियो । धेरैजसो गणकहरूले के बताए भने नागरिकहरू सधैं वा कहिलेकाहीँ भएपनि आफूकहाँ गणकहरू आइपुग्नुको कारणबारे जानकार थिए । त्यसैले उनीहरू गणनाका लागि मतदाता हुने योग्यताको प्रमाणका रुपमा रहेका कागजातहरू तयार पारेर बसेका हुन्थे । तैपनि केही गणकहरूलाई गणनाको निर्धारित लक्ष्य पूरा गर्न गाह्रो भएको थियो । खास गरी भौगोलिक विकटताको कारणले हिमाली जिल्लाहरूमा गणकलाई लक्ष्य पूरा गर्न गाह्रो भएको थियो ।[२४]

राष्ट्रव्यापी चरणभन्दा अगाडि गणनाको काम सामान्यतः दुईजना सदस्य रहेको गणकको टोलीले गर्ने गरेको थियो । ती दुईजनामध्ये अक्सर एकजना महिला र एकजना पुरुष हुन्थे । राष्ट्रव्यापी चरणमा आएपछि गणकहरूले व्यक्तिगत रुपमा

[२४] गणकहरूले अक्सर के उल्लेख गरेका छन् भने हिमाली जिल्लाहरूमा घरहरू धेरै टाढा टाढा छरिएर रहेका हुनाले गणनाको निर्धारित लक्ष्य पूरा गर्नु चुनौतीपूर्ण हुनसक्छ । सोलुखुम्बुमा एकजना गणकलाई एक दिनमा ३० जनालाई गणना गर्न भनियो, ऊ सधैं त्यो लक्ष्य पूरा गर्न असफल भयो, किन भने एउटा घर र अर्को घरबीचको दुरीका साथै भौगोलिक विकटता पार गर्न गाह्रो परेकोले ऊ लक्ष्य पूरा गर्न सफल भएन ।

गणनाको काम गरे, तैपनि यसले उनीहरूका प्रयत्नहरूलाई नकारात्मक असर पारेको देखिएन । एक दुईवटा मामिलामा गणकहरूले पर्यवेक्षकहरूलाई व्यक्तिगत रुपमा काम गर्नुभन्दा टोलीमा काम गर्नु बढी प्रभावकारी हुने विश्वास व्यक्त गरेका थिए । किनभने टोलीमा काम गर्दा एकजनाले प्रश्न सोध्ने र अर्कोले गणनाको फारम भर्ने काम पूरा गर्न सक्दथ्यो ।

ब्रिजिङ चरणमा जस्तै गणकहरूले सामना गरेको सबैभन्दा साझा चुनौती के थियो भने जिल्लाभरि गणनाको लागि गणकहरू जाँदा उनीहरू गएको बेला मानिसहरू घरमा भेटिँदैनथे । कस्तो हुन्थ्यो भने गणकहरू गएको जिल्लाको ठेगानामा मानिसहरू बसोबास त गरेका हुन्थे तर गणकहरू घरमा पुगेको बेला दिनभरिजसो कामको सिलसिला वा अन्य कारणले उनीहरू घरदेखि टाढा पुगेका हुन्थे । पर्यवेक्षकहरूले अन्तरवार्ता लिएका गणकहरूमध्ये ठूलो बहुमतले के बताएको थियो भने घरमा पुग्दा नभेटिएका व्यक्तिहरूको पनि गणकहरूले गणना गरेका छन्, त्यस्ता अनुपस्थित व्यक्तिहरूको गणनाको निम्ति चाहिने कागजातहरू त्यस घरकै अर्को सदस्यले पेस गरिदिन्थे । गणकहरू गएको बेलामा घरमा उपस्थित नभएका तर त्यही जिल्लामा रहेका र दर्ता कार्य चालु रहेको अवधिमा दर्तास्थलमा गएर आफूलाई गणना गराउन सक्ने व्यक्तिहरुलाई गणना गरिएको कुरा आम रुपमा भनियो ।[२५]

कस्ता खालका व्यक्तिहरू धेरै कारणहरूले गर्दा गणनामा पर्न सकेनन् भन्ने विषयको यकिन आँकडा प्राप्त गर्न पर्यवेक्षकहरू असफल भएका थिए । तैपनि गणकहरूबाट प्राप्त तथ्यहरूको एकमुष्ठ जानकारीबाट के देखिन्छ भने २० देखि ३० वर्षको उमेर समूहका पुरुषहरूलाई गणना गर्न जिल्लाभरि नै निकै गाह्रो परेको थियो । त्यसको पहिलो कारण त उनीहरू अर्को जिल्ला वा विदेशमा काम गर्न पुगेका थिए, २५ वर्षमुनीका युवायुवतीहरू पनि उत्तिकै मात्रामा गणनामा पर्न सकेका थिएनन्, किनभने उनीहरूले नागरिकताको प्रमाणपत्रका निम्ति कहिल्यै आवेदन दिएका थिएनन् । र, ५० वर्षमाथिका पाको उमेरका धेरै महिला र पुरुषहरू पहिलोपटक नै गणनामा किन पर्न सकेनन् भने उनीहरूसँग पनि नागरिकताको प्रमाणपत्र थिएन । थोरै गणकहरूले के बताए भने केही अवस्थामा पाका मानिसहरूले आफ्नो हजुरबा, हजुरआमा र बाआमाको नाम संझन नसकेकोले उनीहरू गणनामा पर्न सकेनन् ।

*(३) मतदाता दर्ता*

ब्रिजिङ चरणको अवधिमा कार्टर सेन्टरले दर्तास्थलमा मतदाता दर्ता कार्य शान्तिपूर्ण र मूलतः कुनै घटनाविना सम्पन्न भएको पाएको थियो । सेन्टरले त्यसबेला पाएको तथ्य अनुसार, मतदाता दर्ता गर्ने कर्मचारीहरू सामान्यतः राम्ररी तालिमप्राप्त थिए र दर्तास्थलमा आइपर्ने सानातिना समस्याहरूलाई आफैंले समाधान गर्न सक्ने क्षमता भएका थिए । राष्ट्रव्यापी चरणको अवधिमा पनि त्यस्तै देखिएको थियो । त्यसबेला पर्यवेक्षकहरूले दर्तास्थलको जारी प्रक्रियालाई 'राम्रो' र 'धेरै राम्रो' श्रेणीमा राखेका थिए । दर्तास्थलको बनावट, दर्ता प्रक्रियाको गुणस्तर र दर्ताको काम गर्ने कर्मचारीहरूको क्षमताको दृष्टिले त्यस्तो मूल्याङ्कन गरिएको थियो । केही मामिलाहरूमा दर्ता प्रक्रियालाई प्रभावकारी तुल्याउन दर्ता कार्यमा जुटेका कर्मचारीहरूले अतिरिक्त प्रयत्नहरू समेत गरेको कुरा कार्टर सेन्टरका पर्यवेक्षकहरूले बताएका छन् । उदाहरणको लागि, खेतीपातीको समय भएकोले खेतीको काममा व्यस्त हुनुपर्ने नागरिकहरूलाई नाम दर्ताको निम्ति पहुँच अझ सहज तुल्याउन जुम्लाको एउटा दर्ताकेन्द्र बिहान सबेरैदेखि खुल्ने व्यवस्था गरिएको थियो ।

ब्रिजिङ चरणका निष्कर्षहरूमा आधारित भएर कार्टर सेन्टरले नाम दर्ता प्रक्रियाको प्राविधिक पक्षलाई बलियो पार्ने ध्येयसहित निर्वाचन आयोगलाई विभिन्न सिफारिसहरू गरेको थियो । ती सिफारिसहरूमा गणनामा छुटेका व्यक्तिहरूले मतदाता दर्तास्थलमा गै नाम दर्ता गर्न सक्छन् भन्ने सुनिश्चत गर्नुपर्छ, मतदाता दर्ता स्थलमा दर्ता गरिएको तथ्याङ्कलाई कम्प्युटर अपरेटरबाट प्रमाणित गर्ने काम सुनिश्चत गर्नुपर्छ, नाम दर्ता गराउने व्यक्तिको औंठाछाप लिने काममा भएको समस्यालाई सम्बोधन गर्नुपर्छ र नाम दर्ता गर्ने व्यक्तिलाई दर्ता प्रमाणित गर्ने रसिद सुरक्षित राख्न र त्यसो गर्नु किन महत्वपूर्ण छ भन्ने कुरा कम्प्युटर अपरेटरले अर्थ्याएका छन् भन्ने सुनिश्चत गर्नुपर्छ, आदि सिफारिसहरू थिए । राष्ट्रव्यापी चरणको अवधिमा पर्यवेक्षकहरूले २७ वटा दर्तास्थलमा भ्रमण गरेका थिए र निम्न कुराहरू पाएका थिए :

- ब्रिजिङ चरणभन्दा फरक यस चरणमा, पहिला गणना गराउन नसकेका व्यक्तिहरूले दर्तास्थलमै गणना गराउन सकेका थिए । धेरैजसो अवस्थामा दर्तास्थलमा एकजना गणक उपस्थित भएका हुन्थे, केही थोरै दर्तास्थलमा त्यहाँको प्रबन्धक वा उनको सहायकले गणकको काम पनि गरेका थिए ।

[२५]गणना गरिनको निम्ति कुनै पनि व्यक्तिले सशरीर उपस्थित हुनुपर्छ भन्ने निर्वाचन आयोगको नीतिसँग यो व्यवहार मेल नखाने भएपनि धेरै गणकहरूले के आँकलन गरेका छन् भने आयोगको त्यस नीतिलाई कडाईकासाथ लागू गरिएमा स्वीकार गर्न नसकिने संख्यामा मानिसहरू गणना गरिनबाट छुट्न सक्छन् । गणकहरू गएको बेला घरमा नभएका व्यक्तिहरूले मतदाता दर्तास्थलमा आफैं गएर गणना गर्न सक्छन् भन्ने कुरामा जोड दिनु नै गणकहरूको लागि एउटा विकल्प हुनसक्छ ।

- भ्रमण गरिएका दर्तास्थलहरूमध्ये आधामा कम्प्युटर अपरेटरहरूले दर्तास्थलमा दाखिला भएको तथ्याङ्कलाई आवेदकको तथ्याङ्कसँग भिडाएर कि त प्रमाणित गरेकै थिएनन् कि मुस्किलले एकदुई ठाउँमा मात्रै प्रमाणित गरेका थिए । एक चौथाई ठाउँमा दर्तास्थलमा आवेदकहरूको दर्तासंख्यासँग दाखिला भएको संख्या भिडाएर जाँच्ने काम आक्कलझुक्कल मात्रै भएको थियो । त्यसको परिणामस्वरुप तथ्याङ्क दाखिलामा भएका, पछि गएर सच्च्याउनै पर्ने र अगाडि नै पहिचान हुनसकेको भए दर्तास्थलमै सजिलै सच्च्याउन सकिने त्रुटिहरू सच्च्याउने अवसर गुमेको थियो ।

- दर्ता गराउने व्यक्तिको औंठाको छाप लिन, खास गरी औंला फोहोर भएका वा ज्यादै खिइएका औंलाहरूको औंठाछाप लिन दर्ता अधिकारीहरूलाई बारम्बार कठिनाइहरू परिरहेको थियो । औंठाछाप लिन औंलाको स्क्यानिङ गर्नुअघि औंला सफा गर्न दुईवटा दर्तास्थलमा मात्रै आइसोप्रोपाइल अल्कोहल (isopropyl alcohol) उपलब्ध रहेको पर्यवेक्षकहरूले पाएका थिए ।[२६]

- सबै दर्तास्थलहरूमा कम्प्युटर अपरेटरहरूले दर्ता भएका व्यक्तिहरूलाई नाम दर्ता गरेको प्रमाणका रुपमा गणनाको छाप लगाएको रसिद दिएका थिए । तैपनि एकदमै थोरै आवेदकलाई मात्रै नाम दर्ता गरेको प्रमाणको रुपमा छाप लागेको रसिद सुरक्षित राख्न अर्थ्याइबुझाइ गरिएको थियो । पछि दावी विरोधको चरणजस्ता अवधिहरूमा देखाउनका लागि आवश्यक पर्न सक्ने हुनाले रसिद सुरक्षित राख्नुपर्छ भनेर अर्थ्याउने काम कमै भएको थियो । रसिद सुरक्षित राख्न अर्थ्याइएका ठाउँहरूमा पनि सबभन्दा गतिलो कारणका रुपमा राष्ट्रिय परिचयपत्र बनाउन यो रसिद चाहिने हुनाले सुरक्षित राख्नुपर्छ भनिएको थियो ।

यी मुद्दाहरूबाहेक, मतदाता दर्ता प्रक्रिया चलिरहँदा केही प्राविधिक समस्याहरू आउने गरेका थिए । प्रस्ट रुपमा त्यस्ता समस्याहरू उपकरणहरू राखनधरन गर्दा वा चलनचल्तीमा ल्याउँदा टुटफुट हुने वा बिग्रिने समस्याको रुपमा रहिआएको छ । थोरै जिल्लाहरूमा ल्यापटप, वेबक्याम र औंलाको छाप स्क्यानिङ गर्ने उपकरणले राम्रो काम गरेका थिएनन् । तैपनि, स्थानीय जिल्ला निर्वाचन कार्यालय र निर्वाचन आयोगका केन्द्रीय प्रतिनिधिहरूले दर्ता प्रक्रिया नबिथोलियोस् भनेर समयमै त्यस्ता उपकरणहरूलाई मरम्मत गर्ने वा तिनको ठाउँमा अर्को उपकरण ल्याएर राख्ने काम गरेका थिए । जेनेरेटरको समस्या सबभन्दा साझा र सुल्झाउन कठिन समस्या रहिआएको छ । जिल्ला निर्वाचन कार्यालयका कर्मचारीहरूले बेला बेलामा जेनेरेटर बढी तात्ने र काम नगर्ने हुनाले अस्थायी रुपले नै भएपनि बेला बेलामा मतदाता दर्ता कार्य अवरुद्ध हुने गरेको बताएका थिए ।

*(४) मतदाता सहभागिता*

कार्टर सेन्टरका पर्यवेक्षकहरूले लिएका अन्तरवार्ताहरूमा आधारित भएर[२७] भन्नुपर्दा, बहुसंख्यक नागरिकहरूले मतदानको लागि नाम दर्ता गराइसकेको वा नाम दर्ता गर्न चाहेको कुरा बताएका थिए । जो जो भेटिन्छन् तिनैमध्येबाट १०० जना व्यक्तिसँग लिइएको अन्तरवार्तामा ८१ जनाले कित मतदानको लागि नाम दर्ता गरिसकेको कि आगामी दिनमा दर्ता गर्ने योजना बनाएको कुरा गरेका थिए भने १५ जनाले नागरिकताको प्रमाणपत्र नभएकोले नाम दर्ता गर्न अयोग्य रहेको ठानेका थिए । बाँकी चार जनाले भने आफूलाई नाम दर्ताको लागि योग्य ठाने पनि नाम दर्ता गर्न नचाहेको बताएका थिए । नागरिकताको प्रमाणपत्र नभएका ती १५ जनामध्ये चाहिँ नौं जनाले नाम दर्ताको लागि छिट्टै नागरिकताको प्रमाणपत्र प्राप्त गर्न चाहेको कुरा व्यक्त गरेका थिए । नागरिकताको प्रमाणपत्र लिने योजना नबनाएका बाँकी छ जनामध्ये चार जना युवतीसँग नागरिकताको प्रमाणपत्र लिनको निम्ति 'फुर्सद थिएन' वा नागरिकताको प्रमाणपत्र लिने कामलाई उनीहरूले प्राथमिकतामा राख्नुपर्छ भन्ने बुझ्न सकेका थिएनन् । ती चार जनामध्ये एउटी जवान आमा थिइन्, उनी आफ्नो सानो शिशु बोकेर जिल्ला सदरमुकामसम्म जान सक्ने अवस्थामा थिइनन् । अर्की एउटी अलि पाको उमेरकी चाहिँ तीन घण्टा पैदल हिँडेर जिल्ला सदरमुकामसम्म जान असमर्थ थिइन् । दर्ता हुन योग्य ठान्ने तर दर्ता गर्ने चाहना नभएका चार जनामध्ये तीन जनाले के बताए भने-दर्तास्थल निकै टाढा भएकोले त्यहाँसम्म जाने जाँगर नभएको कुरा गरे भने बाँकी एक जनाले आफू धार्मिक अनुष्ठानमा व्यस्त रहेकोले फुर्सद नभएको बताए ।

छ. <u>राजनीतिक दल र नागरिक समाजको सहभागिता</u>

ब्रिजिङ चरणमा जस्तै राष्ट्रव्यापी चरणको अवधिमा पनि मतदाता दर्ता प्रक्रियामा राजनीतिक दलको सहभागिता ज्यादै कमजोर रहेको कार्टर सेन्टरले पायो । मतदाता दर्ता प्रक्रिया बारे सजगताका निम्ति राजनीतिक दलहरूले आफ्नो पंक्तिभित्र आन्तरिक

---

[२६]केही ठाउँहरूमा नाम दर्ता गर्ने कर्मचारीहरूले पर्यवेक्षकहरूलाई के भनेका थिए भने स्क्यानर बिग्रेला भन्ने डरले isopropyl alcohol प्रयोग नगर्न उनीहरूलाई निर्देशन दिइएको थियो ।

[२७]वैज्ञानिक नमूनामा आधारित होइन । अन्तरवार्ताबाट पाइने सूचनाहरू साँच्चै नै विवरणात्मक हुन्छन् र तिनलाई समग्र मुलुककै सन्दर्भमा सामान्यीकरण गर्न वा प्रतिनिधिमूलक ठान्न सकिँदैन ।

बैठकहरू गरिरहेका छन् भन्ने कुरा बुझिएकै हो । तैपनि, राजनीतिक दलहरूले यस दर्ता प्रक्रियालाई सघाउने गरी सार्वजनिक गतिविधिहरू गरेका दृष्टान्तहरू भने निकै कम छन् । पर्यवेक्षकहरूले अन्तर्वार्ता गरेका १०० जना व्यक्तिहरूमध्ये चार जनाले मात्रै राजनीतिक दलको अन्तरक्रियामार्फत् मतदाता दर्ता प्रक्रियाका बारेमा सुनेको कुरा बताए । पर्यवेक्षकहरूले के उल्लेख गरेका छन् भने राजनीतिक दलका कार्यकर्ताहरू निकै थोरै संख्यामा दर्तास्थलहरूमा उपस्थित थिए, तर ती व्यक्तिहरूलाई दर्तास्थलमा उनीहरूको दलले खटाएर पठाएको हो कि आफ्नै पहलमा त्यहाँ पुगेका हुन् भन्ने कुरा अस्पष्ट नै छ । अन्तरवार्ता गरिएका दलका कार्यकर्ताहरूले सामान्यतः के भनेका छन् भने उनीहरू दर्ता कार्यमा लागेका कर्मचारीहरूलाई सहयोग गर्न गएका हुन्, दर्ता प्रक्रियाको पर्यवेक्षण गर्न होइन ।[२८]

भ्रमण गरिएका सबै जिल्लाहरूमा जिल्ला निर्वाचन कार्यालयहरूले दर्ता प्रक्रियाका बारेमा जानकारी गराउन राजनीतिक दलहरू, नागरिक समाजका संगठनहरू र पत्रकारहरूसँग भेटघाट तथा बैठकहरू गरेका थिए । दर्ता प्रक्रियामा अझ धेरै राजनीतिक र नागरिक सहभागिता जुटाउने एउटा माध्यमका रुपमा निर्वाचन आयोगले स्थानीय समन्वय समितिहरू स्थापना गर्न काम गरिरहेको छ । यस्तो काम जिल्ला र गाविस तहमा गरिँदैछ र समन्वय समितिहरूमा निर्वाचन अधिकारीहरू, सरकारी अधिकारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाजका संगठनका प्रतिनिधिहरू र स्थानीय गण्यमान्यहरू रहने व्यवस्था गरिएको छ । पर्यवेक्षकहरूले भ्रमण गरेका केही जिल्लामा यस्ता समन्वय समितिहरू गठन भैसकेका छन् र धेरै दर्तास्थलहरूमा सहभागीहरूले ती समितिहरूलाई मतदाता दर्ता प्रक्रियामा सहयोग पुऱ्याउने सकारात्मक संयन्त्रका रुपमा प्रशंसा गरेका छन् । उदाहरणको लागि एउटा गाविसमा शिक्षाका कार्यभारहरूलाई स्थानीय समन्वय समितिले आफ्ना सदस्यहरूबीच आपसमा बाँडेर लिएको पाइयो । तथापि भ्रमण गरिएका थुप्रै जिल्लाहरूमा स्थानीय समन्वय समितिले सरोकारवालाहरूको फराकिलो दायरालाई यस प्रक्रियामा संलग्न गराउन संघर्षरत रहेको देखियो भने कुनै कुनै समितिका सदस्यहरू आफ्नो समितिबाट के के अपेक्षा गरिएको हो भन्ने कुरामा प्रस्ट थिएनन् ।

ज. प्रकाशन र दावी विरोध

मतदाता दर्ताको तथ्याङ्क एकत्रित र शुद्धीकरण गरिसकेपछि प्रकाशन र दावी विरोधको चरणको निम्ति एउटा अस्थायी मतदाता नामावली संग्रहित गरी प्रस्तुत गर्ने कामको अपेक्षा गरिन्छ । आफ्नो पहिलो अन्तरिम प्रतिवेदनमा कार्टर सेन्टरले निर्वाचन आयोगसँग मतदाता नामावली प्रकाशन र दावी विरोधको अवधिका निम्ति कुनै योजना र कार्यविधि छैन भन्ने कुरा उल्लेख गरेको थियो र मतदाता दर्ता अभ्यास सकिने बित्तिकै लागू गर्न सकिने गरी प्रकाशन र दावी विरोधको निम्ति योजना परिभाषित गर्ने काम सुनिश्चित गर्न आयोगलाई सिफारिस गरेको थियो । स्थलगत तथ्याङ्क संकलन गर्ने काम छिट्टै बन्द हुनसक्ने संभावना भएकोले राजनीतिक दलहरूलाई समीक्षाको लागि अस्थायी नामावली वितरण गर्न, सर्वसाधारणको पहुँच हुने गरी सार्वजनिक स्थानमा मतदाता नामावली टाँस्न, नाम दर्ता गर्नेहरू र उनीहरूको व्यक्तिगत विवरणसम्बन्धी विषयमा आउने दावी र विरोधहरूलाई व्यवस्थित ढङ्गले फाइलमा राख्न, सम्वन्धित दावी विरोधको पूर्पक्ष गर्न, मतदाता विवरण सच्च्याउने वा फेरि लिने काम गर्न र बाँकी रहेका अन्य चुनौतीहरूलाई सम्बोधन गर्न निर्वाचन आयोगले समयतालिका, कार्यविधि सहितको एउटा योजना तर्जुमा गर्नुपर्दछ । प्रकाशन र दावी विरोधको प्रक्रियाको निम्ति योजना परिभाषित गर्नको लागि आन्तरिक तथा बाह्य परामर्शहरूमा छिट्टै लागि हाल्न कार्टर सेन्टर निर्वाचन आयोगलाई प्रोत्साहित गर्दछ ।

झ. नागरिक रजिष्टरी

चालु प्रक्रियाबाट तयार गरिँदै गरेको मतदाता रजिष्टरको दिगोपना त्यसको नियमित स्याहारसंभार र अद्यावधिक गर्ने काममा निर्भर गर्दछ । निर्वाचन आयोगको मतदाता दर्ता परियोजनाको दस्तावेजको एउटा अंशको रुपमा लगातार अद्यावधिक हुने एउटा नागरिक रजिष्टरी तयार पार्ने उद्देश्यका निम्ति निर्वाचन आयोगले संकलन गरेको तथ्याङ्क गृह मन्त्रालयलाई प्रदान गरिन्छ भन्ने कुरा प्रस्ट नै छ । त्यसवापत मतदाताको रजिष्टर अद्यावधिक गर्ने कामलाई सहज पार्न नागरिक रजिष्टरीको प्रयोग गर्न सकिनेछ । उदाहरणको लागि अर्को ठाउँमा गएर बसोबास गरेको वा मृत्यु भएका नागरिकहरूको संख्या गणनाको निम्ति नागरिक रजिष्टरीले सहयोग पुऱ्याउँदछ । त्यसो भएको हुनाले नयाँ मतदाता नामावलीको टिकाउपना सुनिश्चित गर्नका लागि गृह मन्त्रालयले अन्ततः महत्वपूर्ण भूमिका खेल्नेछ । नागरिक रजिष्टरी तयार गर्ने प्रयत्नहरूमा निर्वाचन आयोग र गृह मन्त्रालयबीच तुलनात्मक रुपमा कम समन्वय रहिआएको बुझिएको छ । निर्वाचन आयोग र गृह मन्त्रालयले तथ्याङ्क आदान प्रदान तथा नाम दर्तासम्बन्धी सूचनाहरूलाई अद्यावधिक गर्ने विषयका तौरतरिकाका ढाँचाहरू स्थापित गर्न अझै बाँकी नै छ । निर्वाचन आयोग र गृह मन्त्रालयले आपसी समन्वयका प्रयत्नहरूलाई बढाउनु र चालु दर्ता प्रक्रिया सकिनुअघि नै यससम्बन्धी नीति तथा कार्यविधिहरू तयार छन् भन्ने कुरा सुनिश्चित गर्नु महत्वपूर्ण छ । यस्तो समन्वय र सम्बन्धले मतदाता दर्ता कार्यक्रमको दिगोपना सुनिश्चित गर्न सघाउ पुऱ्याउनेछ ।

---

[२८] म्याग्दीमा दलका कार्यकर्ताहरूले दर्तास्थलमा लाइन व्यवस्थित गर्न र गणनाको फारम खोजिदिन सघाइरहेको पर्यवेक्षकहरूले देखे । उता सुर्खेतमा भने दर्तास्थलमा उपस्थित भएका दलका कार्यकर्ताहरू दर्ता प्रक्रियालाई पर्यवेक्षण गर्न आफ्नो दलद्वारा प्रस्टसँग निर्देशित थिएनन् । उनीहरूले आफ्नो भूमिका दर्तास्थलमा 'सहजीकरण' गर्ने र 'सघाउ पुऱ्याउने' रहेको बयान गर्दै 'एजेण्ट' शब्दप्रति आपत्ति जनाएका थिए ।

ञ. मतदाता दर्ताको समयसीमा

मतदाता दर्ता प्रक्रियासम्बन्धी पहिलो अन्तरिम प्रतिवेदनमा कार्टर सेन्टरले के उल्लेख गरेको थियो भने आफूले तय गरेका गतिविधिहरू सञ्चालन गर्ने समयतालिका अनुरुप मतदाता दर्ता कार्य सञ्चालन गर्ने काममा निर्वाचन आयोगले केही कठिनाइहरू अनुभव गरेको छ । त्यस्तो कठिनाई मूलतः आफ्नो नियन्त्रणभन्दा बाहिरको कारकले गर्दा अनुभव गर्नुपरेको छ । सर्वोच्च अदालतमा चलेको बहस लम्बिएकोले मतदाता दर्तासम्बन्धी क्रियाकलापहरूका निम्ति समयसीमालाई राष्ट्रव्यापी चरणको अवधिमा निकै संकुचित पार्नु परेको थियो ।[२९] थप के पनि हो भने राजनीतिक दलहरूले पुऱ्याएको अवरोधले गर्दा निर्वाचन आयोगले आजका मितिसम्म केही जिल्लामा केही केही चुनिएका भागहरूमा मात्रै मतदाता दर्ता कार्य सञ्चालन गर्न सकेको छ । यिनै कारकहरूलाई ध्यान दिएर कार्टर सेन्टरले सन् २०११ को मध्य जुलाईपछि पनि सबै योग्य व्यक्तिहरूलाई आफ्नो ठाउँमा नाम दर्ता गराउन उपयुक्त तथा पर्याप्त अवसरहरू दिइएको छ भन्ने सुनिश्चित गर्नको लागि स्थलगत दर्ता अभियानका निम्ति तीन महिना समयावधि बढाउन निर्वाचन आयोगलाई सिफारिस गरेको छ ।

स्थलगत दर्ताको निम्ति मध्य जुलाईपछि समय बढाउने बारे अहिले निर्वाचन आयोगले कुनै योजना घोषणा गरेको छैन । पहिले नै उल्लेख गरिएझैं, कारणवस् भएका ढिलाइहरू र राजनीतिक दलहरूको अवरोधले गर्दा बन्द र जारी रहेका दुवैथरि घटनाहरूबाट के देखिन्छ भने निर्वाचन आयोगले आफ्नो योजनाअनुरुप सबै ठाउँहरूमा स्थलगततहको मतदाता दर्ता कार्य पूरा गर्न सक्ने छैन । सबै व्यक्तिहरूलाई आफ्नै घरगाउँमा नाम दर्ता गर्ने अवसर दिइएको कुरा पक्कापक्की गर्नलाई सबै नगरपालिका र गाविसहरूमा मतदाता दर्ता कार्य सञ्चालित छ भन्ने सुनिश्चित गर्न निर्वाचन आयोगले निश्चित प्रावधानहरू निर्धारण गर्नु पर्दछ । यस अन्तरगत पहिलेका सबै चरणहरूको दर्ता कार्यमा अवरोधहरूले असर पारेका ठाउँहरूमध्ये संभव भएजति ठाउँमा दर्तास्थलहरू फेरि खोल्ने काम पनि पर्दछ । त्यसका अतिरिक्त पहिले नै उल्लेख गरिएझैं पहिलेका कुनै पनि चरणमा नाम दर्ता नगरेका नागरिकहरूको नाम दर्ता गर्न सहयोग पुऱ्याउने एउटा प्रयत्नस्वरुप सबै नगरपालिका र गाविसहरूमा दर्ताकेन्द्रहरू खोल्न 'छुटेका'हरूको दर्ता अभ्यास सञ्चालन गर्ने सम्बन्धमा निर्वाचन आयोगले गम्भीरतापूर्वक ध्यान दिनुपर्छ ।

अन्त्यमा, मतदाता दर्ताका क्रियाकलापहरूलाई निर्देशन गर्न अहिले प्रयोगमा आइरहेको निर्वाचन आयोगको समयतालिका अब ठीक वा सान्दर्भिक रहन गएको छैन । 'जिल्लाबाहिर दर्ता'जस्ता हाल सञ्चालन नभैसकेका गतिविधिहरू पहिला योजनामा नै थिएनन् र तिनलाई समयतालिकामा प्रतिविम्वित गरिएको छैन । थुप्रै तथ्याङ्क व्यवस्थापन लगायतका गतिविधिहरू पनि योजनाअनुरुप सञ्चालित नभएर बाँकी रहेका छन् वा तिनलाई फेरि कार्यतालिकामा राख्नुपर्ने भएको छ । जुलाई महिनामा हुने प्रकाशन र दावी विरोधको प्रक्रियाजस्ता गतिविधिलाई फेरि कार्यतालिकामा राख्नुपर्ने भएको छ । अन्तिम कुरा, हाल कार्यतालिकामा नराखिएका गतिविधिहरू छन्, जस्तै : 'छुटेका'हरूको दर्ता अभ्यास । यस्ता गतिविधिलाई कार्यतालिकामा राख्नुपर्छ र सञ्चालन गर्नुपर्छ । प्रगतिको रेखाङ्कन गर्न र त्यही अनुरुप कार्यतालिका बनाउनका निम्ति एउटा नयाँ मतदाता दर्ता समयतालिका तयार गर्न कार्टर सेन्टर निर्वाचन आयोगलाई जोडदार रुपले प्रोत्साहित गर्दछ ।

**६. निष्कर्ष र सिफारिसहरू**

मतदानको निम्ति नाम दर्ता गर्न चाहने सबै नेपालीहरूलाई त्यसको निम्ति अवसर प्रदान गरिएको कुरा सुनिश्चत गर्नको लागि जतिसक्दो सकारात्मक प्रयत्नहरू गरेकोमा निर्वाचन आयोगलाई कार्टर सेन्टर सह्राहना गर्दछ । मतदाता दर्ता प्रक्रिया शुरु भएदेखि नै निर्वाचन आयोगले धेरै चुनौतीहरू सामना गरेको छ । ती चुनौतीहरू राजनीतिक, कानुनी र प्रशासनिक प्रकृतिका छन् । त्यस्ता चुनौतीहरू हुँदा हुँदै पनि आयोगले लगातार लचकता र असल मनशाय प्रदर्शन गर्दै आएकोले दर्ता प्रक्रिया यतिसम्म अघि बढेको हो । निर्वाचन आयोगका अधिकारीहरूले झेलेका कठिनाई, उनीहरूले गरेको कठिन परिश्रम र समर्पणलाई कार्टर सेन्टर स्वीकार गर्दछ र करीब ८० लाख नेपाली नागरिकहरूलाई सफलतापूर्वक नाम दर्ता गर्न सकेकोमा बधाई ज्ञापन गर्दछ । आजका मितिसम्म गरेका सकारात्मक प्रयत्नहरूलाई कायम राख्दै नाम दर्ता गर्न चाहने सबै नेपालीलाई पहुँचको अवसर दिलाउन र दर्ता प्रक्रियाको स्वच्छतामा अझ वृद्धि गर्नको निम्ति थप कदमहरू चाल्न कार्टर सेन्टर निर्वाचन आयोगलाई प्रोत्साहित गर्दछ ।

सहयोग र सम्मानको भावनासहित र भविष्यको कामका निम्ति छलफलयोग्य बुँदाहरू समेत प्रदान गर्न सक्छन् भन्ने आशा लिएर कार्टर सेन्टर मतदाता प्रक्रियालाई सुदृढ पार्न निम्न सिफारिसहरू गर्दछ :

---

[२९] मतदाता दर्ता कार्यक्रमका पक्षहरूको सम्वैधानिकतामा सरोकार राखेर सर्वोच्च अदालतले सुविचारित तवरले बहस अघि बढाएकाले आफ्नो पूर्वयोजना अनुरुप निर्वाचन आयोगले सन् २०१० को डिसेम्वर महिनामा मतदाता दर्ताको राष्ट्रव्यापी चरण शुरु गर्न सकेन र त्यसको सट्टा ब्रिजिङ चरणको कार्यक्रम ल्याएर आफ्नो काम अघि बढायो । औपचारिक रुपमा राष्ट्रव्यापी चरण सन् २०११ को मार्च महिनादेखि शुरु भयो ।

**निर्वाचन आयोगले गर्नुपर्ने :**

**पूर्व योजना अनुसार मतदाता दर्ता कार्य सबै ठाउामा सञ्चालित छ भन्ने सुनिश्चित गर्न चालु मतदाता अभ्यासलाई आवश्यकता अनुसार समय बढाउनु पर्दछ ।** ढिलाइ र राजनीतिक दलहरूले पुऱ्याएको अवरोधहरूले गर्दा योजना अनुरुप सबै दर्तास्थलहरूमा निर्वाचन आयोगले स्थलगत दर्ताको काम पूरा गर्न सक्ने देखिँदैन । आफ्नो गाउँघरमै नाम दर्ता गर्ने अवसर सबै लाई प्रदान गरिएको छ भन्ने कुरा सुनिश्चित गर्न सबै नगरपालिका र गाविसहरूमा नाम दर्ता कार्य सञ्चालन गर्न निर्वाचन आयोगले निश्चित प्रावधानहरू निर्धारित गर्नु पर्दछ । यस अन्तरगत पहिलेका चरणहरूमा अवरोधहरूले असर पारेका ठाउँहरूमध्ये संभव भएजति ठाउँमा मतदाता दर्तास्थलहरू फेरि खोल्ने काम पनि पर्दछ ।

**आजका मितिसम्म नाम दर्ता गर्न छुटाएका व्यक्तिहरूलाई दर्ताको अवसर दिलाउन छुटेका मतदाताहरूको दर्ता अभ्यास सञ्चालन गर्नुपर्दछ ।** 'जिल्लाबाहिर दर्ता'मार्फत् नागरिकहरूलाई नाम दर्ताको निम्ति बढेको अवसर प्रदान गरेकोमा निर्वाचन आयोगलाई कार्टर सेन्टर सह्राहना गर्दछ, तर जुनसुकै कारणले भएपनि यतिन्जेल नाम दर्ता नगरेका नागरिकहरूलाई अवसरहरू दिलाउन यसभन्दा बढी प्रयत्नहरू गर्नुपर्दछ भन्ने विश्वास गर्दछ । निर्वाचन आयोगले 'छुटेका' मतदाता दर्ता अभ्यास कार्यक्रम सञ्चालन गर्नेबारे विचार गरिरहेको कुरा बुझिएको छ । त्यसैले सन् २०११ को अगस्टदेखि नोभेम्बरसम्म आयोगले प्रत्येक नगरपालिकाका वडाहरू र गाविसहरूमा दर्ताकेन्द्रहरू खोल्नेछ । त्यो समय मतदाता दर्ताका क्रियाकलापहरू सञ्चालन गर्नका लागि उपलब्ध भएकोले 'छुटेका'हरूको दर्ता अभ्यास लागू गर्न कार्टर सेन्टर निर्वाचन आयोगलाई जोडदार रुपले प्रोत्साहित गर्दछ । यसले व्यक्तिहरूलाई आफ्नो गाउँ वा गृहनगर वा जहाँ नयाँ बसोबास गरिरहेको हो, त्यही ठाउँमा नाम दर्ता गर्ने अवसरहरूको पहुँच बढाउनेछ ।

**नयां समयसीमा अनुसार प्रगतिको रेखांकन गर्न र गतिविधिहरूको नयां कार्यतालिका बनाउन एउटा नयां र यथार्थपरक मतदाता दर्ता समयतालिका बनाउनु पर्दछ ।** मतदाता दर्ताका गतिविधिहरूलाई निर्देशित गर्न निर्वाचन आयोगले अहिले प्रयोग गरिरहेको समयतालिका सटिक र सान्दर्भिक रहन गएको छैन । अहिले चालु रहेका कतिपय गतिविधिहरू विद्यमान समयतालिकामा समावेश छैनन् । त्यसका साथै, योजना गरे अनुरुप सञ्चालन नभएका गतिविधिहरूलाई फेरि कार्यतालिकामा राख्नुपर्ने आवश्यकता छ ।

**तथ्यांक व्यवस्थापन योजना लागू गर्ने कुरालाई प्राथमिकतामा राख्नुपर्छ र तथ्यांक व्यवस्थापन प्रक्रियालाई व्यवस्थित गर्न सूचना-प्रविधिको काम गर्ने कर्मचारीहरूको क्षमता पर्याप्त छ भन्ने कुरा सुनिश्चित गर्नुपर्दछ ।** अहिलेको मतदाता दर्ता अभ्यासको सबभन्दा कमजोर पक्ष नै तथ्याङ्क व्यवस्थापन हो । यससँग सम्बन्धित निर्वाचन आयोगको योजनाका थुप्रै महत्वपूर्ण अंगहरू व्यवहारमा आउन बाँकी छन् । निर्वाचन आयोगले तथ्याङ्क व्यवस्थापनलाई प्राथमिकतामा राख्नु महत्वपूर्ण छ । यसका निम्ति खास गरी केन्द्रीय तहको तथ्याङ्क केन्द्र स्थापना, मतदाता दर्ताको सफ्टवेयर विकास र त्यसलाई अद्यावधिक गर्ने काम, आन्तरिक सञ्चारको एउटा पूर्वाधार तयार गर्ने काम, तथ्याङ्क शुद्धीकरणको निम्ति विधि तय गर्ने काम, दोहोरो नाम दर्ताको पहिचान तथा खारेजी गर्ने काम, प्रक्रियालाई व्यवस्थित पार्न सूचना-प्रविधिसम्बद्ध हालका कर्मचारीहरूको क्षमता वृद्धि गर्ने काम र मतदाता रजिष्टरलाई सम्हाल्न आवश्यक पर्ने सूचना-प्रविधिका दक्ष कर्मचारीहरूको थप भर्ना गर्ने काम, आदि गर्नुपर्दछ ।

**मतदाता दर्तामा भएका अवरोधहरू समाप्त पार्न मधेसवादी राजनीतिक दलहरूसाग एउटा सहमतिमा पुग्ने प्रयत्नलाई जारी राख्नु पर्दछ ।**संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसँग आबद्ध संघीय लिम्बुवान राज्य परिषदले पुऱ्याइरहेको अवरोध समाप्त पार्न सफलतापूर्वक प्रयत्नहरू गरेर एउटा सम्झौतामा पुगेकोमा कार्टर सेन्टर निर्वाचन आयोगलाई सह्राहना गर्दछ । र, के पनि बुझ्दछ भने गृह मन्त्रालयसँग समन्वय गरेर आयोगले यतिबेला मधेसवादी दलहरूसँग सहमतिमा पुग्ने प्रयत्न गरिरहेको छ । तराईका धेरै जिल्लाहरूमा मधेसवादी दलहरूले हालसम्म पनि पुऱ्याइरहेका अवरोधहरूलाई समाप्त पार्न निर्वाचन आयोगले उच्चस्तरीय वार्ता अघिबढाउनु पर्दछ र विथोलिएका वा अवरुद्ध भएका मतदाता दर्ताका प्रयत्नहरू फेरि नबिथोलयून् वा अवरुद्ध नहोऊन् भन्ने कुरामा ध्यान दिनु पर्दछ ।

**सबै योग्य नागरिकहरूलाई नागरिकताको प्रमाणपत्र वितरण गर्न प्रभावकारी बन्दोबस्त मिलाउनको निम्ति सरकारलाई मनाउने प्रयत्न जारी राख्नु पर्दछ ।** योग्य नागरिकहरूलाई नागरिकताको प्रमाणपत्र वितरण गर्नको निम्ति प्रभावकारी बन्दोबस्त मिलाउन सर्वोच्च अदालतले सन् २०११ को फेब्रुअरी महिनामा सरकारलाई निर्देशन दिएर गरेको फैसलामा बाँधिएर काम गर्न निर्वाचन आयोगले गृहमन्त्रालयलाई प्रोत्साहित गर्नको लागि गर्दै आएको पक्षधरताको प्रयत्नलाई कायम राख्न कार्टर सेन्टर निर्वाचन आयोगलाई प्रोत्साहित गर्दछ । कार्टर सेन्टरले नागरिकताको प्रमाणपत्रको मुद्दालाई राष्ट्रव्यापी मुद्दाको रुपमा पाएको छ, यो मुद्दा कुनै क्षेत्र, खास जाति वा लिङ्गमा सीमित छैन । सकारात्मक के छ भने नागरिकताको प्रमाणपत्र लिनको लागि आवेदन दिने व्यक्तिहरूको संख्या बढिरहेको छ । तैपनि यो समस्यालाई समाधान गर्न व्यक्तिगत पहलमा गरिएका प्रयत्नहरू नै पर्याप्त हुन्छन् कि हुँदैनन् भन्ने कुराको आँकलन गर्न गाह्रो छ । विशेष गरी नागरिकताको प्रमाणपत्र वितरणको निम्ति घुम्ती टोली खडा गर्नेजस्ता राज्यको पहलमा थप प्रयत्नहरू गरिएनन् भने दुर्गम क्षेत्रमा बसोबास गरिरहेका व्यक्तिहरू वा बुढापाकाहरू,

अशक्तहरू वा कुनै प्रकारले सीमान्तीकृतहरू मतदाता दर्ता प्रक्रियबाट बाहिर पर्न पनि सक्छन् भन्ने कुरामा कार्टर सेन्टरलाई बढी चासो छ ।

**मतदाता हुनसक्ने व्यक्तिहरूलाई नाम दर्ताको निम्ति पहुाच बढाउन जिल्ला सदरमुकामबाहिर निरन्तर दर्ताका निम्ति दर्तास्थलहरू स्थापना गर्नु पर्दछ ।** पर्यवेक्षकहरूले भ्रमण गरेका जिल्लाभरिमा निरन्तर दर्ताद्वारा नाम दर्ता गराउने व्यक्तिहरूको संख्यामा थोरै भएपनि वृद्धि भएको कुरा उनीहरूले बताएका छन् । दर्ता गराउनेहरूको कुल संख्यामा वृद्धि भएको कुरा सकारात्मक छ भने जिल्ला निर्वाचन कार्यालयका कर्मचारीहरूले बताएको दर्ताको दरलाई हेर्दा निर्वाचन आयोगले सन् २०११ को मध्य जुलाईसम्मका लागि निर्धारित गरेको लक्ष्यअनुरुप मतदाता दर्ता गर्न 'निरन्तर दर्ता'मात्रै पर्याप्त नहुने देखिन्छ । त्यसो भएपछि अनुमान गरिए अनुसारको दर्ता गर्ने व्यक्तिहरूको संभावित संख्याको लक्ष्य पनि पूरा हुने छैन । 'छुटेका' व्यक्तिहरूको दर्ता अभ्यास सञ्चालन गर्नुका साथसाथै जिल्ला सदरमुकामबाहिरका गाविसका बाक्ला बस्तीहरू र नगरपालिकामा 'निरन्तर दर्ता'का निम्ति दर्तास्थलहरू स्थापना गरिएमा त्यसले मतदाता हुनसक्ने व्यक्तिहरूलाई नाम दर्ताको निम्ति उचित पहुँच र अवसरहरू प्रदान गर्नेछ भन्ने कुरामा कार्टर सेन्टर विश्वास गर्दछ ।

**जिल्लाबाहिर दर्ता र निरन्तर दर्ताका बारेमा जागरुकता बढाउन मतदाता शिक्षाका प्रयत्नहरू अघि बढाइएको कुरा सुनिश्चित गर्नु पर्दछ ।** 'जिल्लाबाहिर दर्ता' मार्फत व्यक्तिहरूलाई नाम दर्ताका निम्ति अवसरहरू वृद्धि गर्ने निर्वाचन आयोगको निर्णय सह्राहनीय छ, तर जनसाधारणलाई यसबारे राम्रो जानकारी र सजगता भएमा मात्रै त्यो निर्णय प्रभावकारी तथा सार्थक हुनेछ । त्यसबाहेक, आजका मितिसम्म 'निरन्तर दर्ता'मार्फत नाम दर्ता गराउनेहरूको संख्या तुलनात्मक रुपले कम भएको कुरालाई ध्यान दिँदा 'निरन्तर दर्ता'का सम्बन्धमा जागरुकता सीमित भएको हुनसक्ने कार्टर सेन्टर विश्वास गर्दछ । 'जिल्लाबाहिर दर्ता' (खास गरी यदि 'छुटेका'हरूको निम्ति दर्ता कार्यक्रम संचालित भएको छ भने) र 'निरन्तर दर्ता' दुवैका बारेमा जनचेतना बढाउने कुरामा जोड दिनका लागि निर्वाचन आयोगले मतदाता शिक्षाका प्रयत्नहरू अघिबढाउनु पर्छ ।

**दर्तास्थलमा हुने प्राविधिक र प्रक्रियागत पक्षका सानातिना कमजोरीहरू सच्च्याउनु पर्दछ ।** धेरैजसो दर्तास्थलहरूमा प्राविधिक तथा प्रक्रियागत दुवै किसिमले दर्ता प्रक्रिया अधिकांशत: राम्रै किसिमले अघिबढेको देखिन्छ, तैपनि आइपर्ने सानातिना कमजोरीहरू सच्च्याउनु पर्दछ । खास गरी, मतदाता दर्तास्थलमै कम्प्युटर अपरेटरहरूले दर्ताको तथ्याङ्कलाई दर्ता हुने व्यक्तिको संख्यासँग मिलान गरेर पुष्टि गरेका छन् भन्ने सवाललाई निर्वाचन आयोगले सुनिश्चित गर्नुपर्दछ । दर्ता गर्ने व्यक्तिहरूको व्यक्तिगत विवरण तथा तथ्याङ्क दाखिला गर्दा हुनसक्ने त्रुटिहरू कटौती गर्न त्यस्तो कामको सुनिश्चतता आवश्यक छ । त्यसरी हुने त्रुटिलाई पछि गएर सच्च्याउनु पर्ने आवश्यकता हुन्छ । त्यस्तै, आयोगले दर्ता गराउने व्यक्तिहरूको औंठाछाप लिँदा धेरैजसो फोहोर र खिइएका औंलाका कारणले आइपरेका समस्यालाई सम्बोधन गर्नु पर्दछ, र दर्ता गराएका व्यक्तिहरूलाई दर्ताको प्रमाणस्वरुप प्राप्त रसिदलाई सुरक्षित राख्ने र किन सुरक्षित राख्नु आवश्यक छ भन्ने कुरा कम्प्युटर अपरेटरले बुझाइदिने कुरा सुनिश्चित गर्नु पर्दछ ।

**नामावली प्रकाशन र दावीविरोधको प्रक्रियाको निम्ति कार्यविधि र समयसीमा परिभाषित गर्नु पर्छ ।** स्थलगत तथ्याङ्क संकलन गर्ने काम छिटै बन्द हुनसक्ने भएकोले निर्वाचन आयोगले राजनीतिक दलहरूलाई समीक्षाको लागि अस्थायी मतदाता नामावली वितरण गर्न, सार्वजनिक निरीक्षणका निम्ति जनसाधारणको बढी पहुँच हुने ठाउँमा नामावली टाँस्न, दर्ता गर्ने व्यक्ति र उसको विवरणमाथि आउनसक्ने दावीविरोधहरूलाई व्यवस्थित तवरले फाइलमा राख्न र मतदाता विवरण सच्च्याउन वा फेरि लिनका लागि विस्तृत समयतालिका र कार्यविधि भएको एउटा कार्ययोजना बनाउनु पर्दछ । नामावलीको प्रकाशन र दावी विरोधको प्रक्रियाको निम्ति आफ्नो योजना परिभाषित गर्न छिटै नै बाहिरी र आन्तरिक परामर्शमा लागिहाल्न कार्टर सेन्टर निर्वाचन आयोगलाई प्रोत्साहित गर्दछ ।

**नागरिक रजिष्टरी तयार गर्ने कामलाई सहजीकरण गर्न निर्वाचन आयोगले गृह मन्त्रालयसंग समन्वय बढाउनु पर्छ ।** चालु प्रक्रिया मार्फत तयार पारिँदै गरेको मतदाता रजिष्टरको टिकाउपना त्यसको नियमित स्याहार र अद्यावधिक गर्ने काममा निर्भर गर्दछ । नागरिक रजिष्टरी तयार पार्ने प्रयत्नहरूमा निर्वाचन आयोग र गृह मन्त्रालयको बीचमा तुलनात्मक रुपमा थोरै समन्वय रहेको बुझिएको छ । तथ्याङ्क आदानप्रदान र दर्ताका सूचनाहरू अद्यावधिक गर्नको निम्ति निर्वाचन आयोग र गृह मन्त्रालयले आवश्यक ढाँचाहरू स्थापना गर्ने काम अझै गरिसकेका छैनन् । मतदाताको नाम दर्ता गर्ने अहिलेको अभ्यास सकिनुअघि नै नीति र कार्यविधिहरू तयार छन् भन्ने सुनिश्चित गर्न निर्वाचन आयोग र गृह मन्त्रालयले समन्वयका प्रयत्नहरू बढाउनु महत्वपूर्ण छ ।

**<u>नेपाल सरकारले गर्नु पर्ने :</u>**

**सर्वोच्च अदालतले सन् २०११ को फेब्रुअरीमा आदेश गरे अनुरुप सबै योग्य नेपाली नागरिकहरूलाई नागरिकताको प्रमाणपत्र वितरण गर्न प्रयत्नहरू बढाउनु पर्दछ ।** सर्वोच्च अदालतले निर्वाचन आयोगलाई नागरिकताको प्रमाणपत्र चाहिने प्रावधान लागू गर्न आदेश दिएको छ र 'योग्य' (bonafide) नागरिकहरूलाई नागरिकताको प्रमाणपत्र वितरणको निम्ति आवश्यक बन्दोबस्त

मिलाउन नेपाल सरकारलाई निर्देशन दिएको छ । त्यसमाथि, नाम दर्ता गर्ने हक भएका सबै व्यक्तिहरूले नाम दर्ता गर्न सकून् भन्ने सुनिश्चित गर्नको लागि प्रभावकारी मापदण्ड अपनाउन 'लोकतान्त्रिक निर्वाचनका निम्ति अन्तर्राष्ट्रिय सिद्धान्तहरू' अन्तरगत नेपाल सरकार बाध्य छ । खेदको कुराचाहिँ के छ भने आवश्यक कागजातसहित आवेदन दिएकै दिन आवेदकहरूलाई नागरिकताको प्रमाणपत्र दिलाउन जिल्ला प्रशासन कार्यालयलाई दिएको निर्देशन पालना नगर्नेहरूलाई गृह मन्त्रालयले पर्याप्त कार्वाही गरेको छैन । दोलखाका जिल्ला प्रशासन कार्यालयले सञ्चालन गरेजस्तै नागरिकताको प्रमाणपत्र वितरणको लागि एउटा घुम्ती अभियान चलाउन सकिएमा सर्वोच्च अदालतको आदेश अनुरुपको त्यो एउटा सकारात्मक प्रयत्न हुने थियो ।

**मधेसवादी दलहरूले पुऱ्याइरहेका अवरोधहरू समाप्त पार्न निर्वाचन आयोगलाई सघाउने प्रयत्न जारी राख्नुपर्छ ।** मधेसवादी दलहरूसँग एउटा सहमतिमा पुग्न र निर्वाचन आयोगका कर्मचारीहरूको सुरक्षा सुनिश्चित गर्न नेपाल सरकारले आफ्ना सबै किसिमका शक्तिहरूको सदुपयोग गरेर निर्वाचन आयोगलाई सघाउनु पर्दछ ।

**राजनीतिक दल र नागरिक समाजले गर्नुपर्ने :**

**मतदाता दर्ता प्रक्रियामा अझ बढी सक्रिय र सहयोगी भूमिका निर्वाह गर्नुपर्छ ।** निर्वाचन आयोगको पहलमा गठन भएका स्थानीय समन्वय समितिहरूले केही स्थानहरूमा मतदाता दर्ता प्रक्रियामा राजनीतिक दल र नागरिक समाजको सहभागिता बढाउन सघाउ पुऱ्याइरहेका छन् । तैपनि राजनीतिक दल वा नागरिक समाजका संगठनहरूले मतदाता दर्ता प्रक्रियाबारे संचेतना जगाउन वा योग्य व्यक्तिहरूलाई नाम दर्ताका निम्ति प्रोत्साहित गर्न सार्वजनिक क्रियाकलापहरू सञ्चालन गरेका उदाहरणहरू भने अझै पनि थोरै नै छन् । आफ्नै दलका समर्थकहरूलाई नाम दर्ताको निम्ति परिचालन गरेर मतदाता दर्ता प्रक्रियालाई सघाउनमा नै सबै राजनीतिक दलहरूको रुचि रहेको छ ।

**मतदाता दर्ता प्रक्रियालाई अवरोध पुऱ्याइरहेका मधेसवादी दलहरूले आफ्ना पीरमर्का र गुनासाहरू उठाउन उचित कानुनी उपायहरू अवलम्बन गर्नु पर्दछ र विरोधका आफ्ना कार्यक्रमहरू शान्तिपूर्ण हुने कुरा सुनिश्चित गर्नु पर्दछ ।** दर्ता प्रक्रियामा अवरोध पुऱ्याइरहेका मधेसवादी राजनीतिक दलहरूले आफ्ना मागहरूका सम्बन्धमा लचकता प्रदर्शन गर्नु पर्दछ र पीरमर्का तथा गुनासाहरू उठाउन उचित कानुनी उपाय प्रयोग गर्नु पर्दछ । उनीहरूले सबै योग्य नेपालीहरूलाई नागरिकताको प्रमाणपत्र प्राप्त गर्न तदारुकताकासाथ सहयोग पनि गर्नु पर्दछ ।